
# २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पपछिको आपत्कालीन अवस्थामा बालअधिकार संरक्षणका लागि केन्द्रीय बालकल्याण समितिबाट भएगरेका कार्यहरु



नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर
२०७४

# २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पपछिको आपत्कालीन अवस्थामा बालअधिकार संरक्षणका लागि केन्द्रीय बालकल्याण समितिबाट भएगरेका कार्यहरु


नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर

२०७४

शिर्षक : **२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पपछिको आपत्कालीन अवस्थामा बालअधिकार संरक्षणका लागि केन्द्रीय बालकल्याण समितिबाट भएगरेका कार्यहरु**

तयार पारिएको मिति : पौष १४, २०७४

प्रकाशक : नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर

मुद्रक : देवि प्रिण्टिङ्ग प्रेस
शंखमूल, काठमाडौं

# विषयसूचि


परिचय ...... १

विनाशकारी भूकम्पपछि केन्द्रीय बालकल्याण समितिबाट भएका गतिविधिहरूको समिक्षा ...... २

१. भूकम्प गएकै दिनबाट केन्द्रीय बालकल्याण समिति सक्रिय ...... ३

२. पहिलो आकस्मिक बैठक ...... ३

३. बालबालिकाको संरक्षणलाई प्राथमिकतामा राख्न आह्वान ...... ३

४. उपत्यकास्थित अस्पतालहरूको आकस्मिक अनुगमन ...... ४

५. विपदको बेला बालबालिकाको संरक्षणसम्बन्धी सूचना तथा विभिन्न माध्यमबाट समन्वय ...... ४

६. भूकम्पका कारण जोखिम परिस्थितिमा रहेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलन ...... ४

७. बालगृहहरूको आकस्मिक अनुगमन तथा राहत सहयोग ...... ७

८. अध्यागमन विभाग तथा वायुसेवा सञ्चालकहरूसँगको समन्वय ...... ८

९. विपद्मा बालबालिकाको संरक्षणसम्बन्धी सूचना ...... ८

१०. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसँगको समन्वयमा सञ्चार ...... ८

११. प्रहरी प्रधान कार्यालयसँगको समन्वय ...... ९

१२. बालबालिकालाई राहत वितरण ...... १०

१३. तत्काल सहयोगका लागि अतिरिक्त बालअधिकार अधिकृतहरूको परिचालन ...... ११

१४. बालमैत्री केन्द्रको अनुगमन तथा सञ्चालन ...... १२

१५. बालसंरक्षण सबक्लष्टरको नेतृत्व ...... १२

१६. विभिन्न निकाय तथा संघसँस्थाहरूसँग समन्वय एवम् योजना निर्माण बैठक ...... १३

१७. बालगृह, संघसंस्था तथा विद्यालयलगायतलाई सूचना ...... १३

१८. जिल्ला बालकल्याण समितिहरूलाई सहयोग तथा निर्देशन ...... १३

१९. आवश्यक अनुसन्धान र कारवाहीका लागि जिल्ला प्रहरी कार्यालयसँग समन्वय ...... १४

२०. तत्काल बालसंरक्षण कार्य सञ्चालनका लागि दिग्दर्शन, २०७२ निर्माण तथा अन्य नीतिगत निर्णयहरू ...... १५

२१. सूचना व्यवस्थापनमा सहजीकरण तथा आपत्कालीन सहयोगमा प्राथमिकता दिन बालबालिकाको वर्गीकरण ...... १६

२२. संयुक्त राष्ट्रसंघीय निकाय युनिसेफसँगको साझेदारितामा आपत्कालीन कार्यक्रम कार्यान्वयन ...... १७

  १. भूकम्पप्रभावित १४ जिल्लामा सूचना व्यवस्थापन अधिकृतहरूको नियुक्ति ...... १७

  २. अभिभावकविहीन तथा अतिजोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान ...... १७

  ३. आपत्कालीन शैक्षिक तथा पारिवारिक (संरक्षण) सहयोग ...... १८

४. उद्धार तथा पुनःस्थापना ..... १९
५. सूचना व्यवस्थापन (घटना दर्ता, पारिवारिक लेखाजोखा) ..... १९
६. घटना व्यवस्थापन प्रणालीको सुदृढीकरण ..... २०
७. तथ्याङ्क वर्गीकरण, हस्तान्तरण ..... २२
८. बालसंरक्षण, घटना व्यवस्थापन र बालअधिकारमा आधारित योजना तर्जुमा प्रकृयाबारे अभिमूखीकरण ..... २२
९. क्षमता विकाससम्बन्धी गतिविधिहरू ..... २२
कार्यक्रम तथा गतिविधि सञ्चालनका चुनौतीहरू ..... २३
समग्र आपत्कालीन गतिविधिहरूबाट प्राप्त सिकाईहरू ..... २३
उपसंहार ..... २३
हार्दिक धन्यवाद ..... २५
अनुसूचि १ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट पहिलो तीन महिनाभित्र गरिएका मूख्य समन्वय तथा सञ्चारसम्बन्धीको सूचि ..... २७
अनुसूचि २ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट जारी भएका महत्वपूर्ण प्रेस विज्ञप्तिहरु ..... २८
अनुसूचि ३ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट जारी भएका महत्वपूर्ण सूचना तथा पर्चाहरु ..... २९
अनुसूचि ४ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट जारी भएका मूख्य मूख्य पत्र/परिपत्रहरु ..... ३१
अनुसूचि ५ : महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय तथा गृह मन्त्रालयबाट भएका सर्कुलरहरु ..... ३६
अनुसूचि ६ : सञ्चार माध्यममा आएका केही महत्वपूर्ण समाचारहरु ..... ३७

# २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पपछिको आपत्कालीन अवस्थामा बालअधिकार संरक्षणकालागि केन्द्रीय बालकल्याण समितिका पहलहरू

## परिचय

नेपालमा २०७२ साल बैशाख १२ गते शनिबारको दिन ११:५६ बजे गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाएर ७.८ म्याग्निच्यूडको भूकम्प गएको थियो । त्यसले नेपालमा जनधनको ठूलो क्षति गऱ्यो । त्यसपछि पनि सयौं ठूलासाना पराकम्पहरू गए र त्यसले थप क्षति पुऱ्यायो । जसमध्ये २०७२ साल बैशाख २९ गते दोलखा केन्द्रविन्दु पारेर गएको पराकम्पले बढी क्षति पुऱ्याएको थियो । भूकम्पका कारण ५,३६,९४८ घरहरू पूर्ण रूपमा क्षति भएका थिए भने ११,२१,००८ जना बालबालिका प्रभावित भएका थिए । केन्द्रीय बालकल्याण समितिमा प्राप्त विवरण अनुसार अतिप्रभावित १४ जिल्लामा भूकम्पका कारण जम्मा २,७३७ जना बालबालिकाले जीवन गुमाएका थिए । भूकम्पको मानवीय क्षतिलाई हेर्दा ३१.१४ प्रतिशत बालबालिका परेको देखिन्छ । यसका अतिरिक्त २,१०७ जना बालबालिका घाइते भएको विवरण प्राप्त भएको थियो *(नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७२, पेज ३८)* ।

विनाशकारी भूकम्प गएको दिनबाट नै केन्द्रीय बालकल्याण समितिले बालबालिकाको क्षेत्रमा राज्यको विशिष्टीकृत निकायको तर्फबाट गर्नुपर्ने जिम्मेवारी सक्रियतापूर्वक निर्वाह गरेको थियो । भूकम्प गएको दिनदेखि नै बालबालिकालाई उद्धार गरी अस्पताल लगायत सुरक्षित स्थानमा बालबालिकालाई संरक्षण गर्ने कार्यको थालनी भएको थियो । बालबालिकाको आपत्कालीन उद्धार, पारिवारिक पुनर्मिलन, औषधोपचार एवम् मनोसामाजिक विमर्शलगायतका अत्यावश्यक सहयोग, राहत वितरण र सम्भावित किसिमका शोषण तथा हिंसाबाट संरक्षण गर्नका निमित्त विभिन्न निकाय एवम् संस्थाहरूसँगको समन्वयमा नीतिगत निर्णयका साथै मार्गदर्शन तथा आपत्कालीन कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

भूकम्पबाट केन्द्रीय बालकल्याण समितिका पदाधिकारी तथा कर्मचारीहरू लगायत सबैमा असर पुग्न गयो । यसका बावजुद, केही दिनसम्म सीमित कर्मचारीको सहयोगबाट बालबालिकाको उद्धार, सूचना संकलन, नीतिगत निर्णय एवम् समन्वयजस्ता तत्कालै गर्नुपर्ने धेरै कार्यहरू सम्पादन गरिएको थियो । केही दिनपछि सबै कर्मचारीहरूले यस मानवीय कार्यमा अहोरात्र आफ्नो योगदान पुऱ्याएका थिए । कामको चाप बढ्दै गएपछि युनिसेफलगायत अन्य संस्थाहरूसँग पनि थप जनशक्तिको लागि अनुरोध गरियो । यसका साथै बालबालिकाको क्षेत्रमा क्रियाशील अरू धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको पनि सहयोग प्राप्त हुँदै गयो ।

विनासकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिले आफ्नो योजनामा भएका कार्यक्रमहरू लगायत  आपत्कालीन कार्यक्रममा समेत रूपान्तरण गरी कार्य सम्पादन गरेको थियो । यसका अतिरिक्त भूकम्पबाट अतिप्रभावित १४ जिल्ला बाहेक अन्य जिल्लाहरूमा पनि बालबालिकासम्बन्धी कार्यक्रमहरू यथावत नै चलिराखेको स्थिति थियो । भूकम्पपछिको आपत्कालीन अवस्थामा केन्द्रीय बालकल्याण समितिले बालअधिकार संरक्षणका लागि मुख्यतयाः केन्द्रमा समन्वयकर्ताको भूमिका निर्वाह गर्नुका साथै सूचना प्रवाह, बालअधिकारको अनुगमन, आपत्कालीन विविध सहयोग प्रदान, द्रुत सूचना संकलन, बालबालिकासम्बन्धी सूचना व्यवस्थापन लगायतका कार्यहरु उल्लेखनीय रह्यो । भूकम्पपछि ठाउँको अभावका कारण युनिसेफ नेपालबाट प्राप्त भएको टेन्ट लगाएर कार्यालय परिसरको आँगनमा नै कार्यालय सञ्चालन गरेर पनि कार्य सञ्चालन गरिएको थियो ।



*भुकम्पपश्चात् तत्काल समितिका अध्यक्ष, कार्यकारी निर्देशक तथा युनिसेफका प्रतितिधि लगायतको वैठक*

कार्यसम्पादनको क्रममा निर्णय प्रक्रियालाई छिटो छरितो बनाइएको थियो । विशेषगरी राहत वितरण कार्यका लागि तत्कालै सरकारी बजेट नभएको अवस्थामा केन्द्रीय बालकल्याण समितिले आफूले व्यवस्थापन गरेको सूचनाको आधारमा विभिन्न संघसँस्थासँगको समन्वयमा राहत सहयोग पुऱ्याउने काम गरेको थियो । यसका साथै केन्द्रीय बालकल्याण समितिको कार्यप्रणाली अन्तर्गत जोखिम परिस्थितिमा रहेका बालबालिकालाई दुर्व्यवहार तथा गैरकानुनी ओसारपसारबाट जोगाउनका निमित्त

केन्द्रित रहेको कारणले धेरै बालबालिकाहरु ओसारपसार हुनबाट जोगिएका थिए । यससम्बन्धी तलका विभिन्न शीर्षक अन्तर्गत चर्चा गरिएको छ । यसका अतिरिक्त सूचना व्यवस्थापन प्रणालीलाई सहयोग पुऱ्याउन, बालबालिका केन्द्रित राहत वितरणमा सहजीकरण गर्न तथा जिल्ला बालकल्याण समितिका पहलहरुलाई तिब्रता दिनका निमित्त तुलनात्मकरूपमा कम प्रभावित जिल्लाका बाल अधिकार अधिकृतहरूलाई भूकम्पबाट अतिप्रभावित जिल्लाहरूमा खटाइएको थियो ।

**विनाशकारी भूकम्पपछि केन्द्रीय बालकल्याण समितिबाट भएका गतिविधिहरूको समिक्षा**

१. **भूकम्प गएकै दिनबाट केन्द्रीय बालकल्याण समिति सक्रिय**

२०७२ साल बैशाख १२ गते भूकम्प गएको दिन शनिवारको दिन थियो । दिउँसो ११:५६ मा गोरखाको बारपाक केन्द्रविन्दु पारेर आएको विनासकारी भूकम्पले काठमाडौं उपत्यकालगायत सिंगो मुलुकलाई नै क्षणभरमा अस्तव्यस्त बनाइदियो । भूकम्पको ठूलो धक्का महसुस भई आफ्नो घरबाहिर सुरक्षित स्थानमा आइनपुग्दै केन्द्रीय बालकल्याण समितिका पदाधिकारी एवम् कर्मचारीहरूका मोबाइलमा घण्टी बज्न शुरू भइसकेको थियो । ती फोनहरू व्यक्तिगत नभई भूकम्पका कारण जोखिम परिस्थितिमा परेका बालबालिकासम्बन्धी थिए । त्यही दिन काठमाडौंको धरहरा र दरबार स्क्वायरबाट दुइजना बालिकालाई महानगरीय प्रहरी प्रभाग, रानीपोखरीसंग समन्वय गरी उद्दार गरियो । त्यसपछि उक्त बालिकाहरूलाई सिविन नेपालबाट सञ्चालित बालहेल्पलाईन १०९८ मा अल्पकालिन संरक्षणमा राखिएको र तीन दिनपछि पारिवारिक पुनर्मिलन गराइएको थियो ।

२. **पहिलो आकस्मिक बैठक**

विनाशकारी भूकम्प गएको भोलिपल्ट बैशाख १३ गते महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा केन्द्रीय बालकल्याण समितिका पदाधिकारी एवम् कर्मचारीलगायतको आकस्मिक बैठक बसेको थियो । यस बैठकबाट आपत्कालीन कार्यहरु समन्वयात्मक रुपबाट तत्काल गर्ने सहमती भएको थियो ।

३. **बालबालिकाको संरक्षणलाई प्राथमिकतामा राख्न आह्वान**

विपदमा हुनजाने क्षतिबाट बालबालिका अझ बढी प्रभावित हुनसक्ने भएकाले बालबालिकाको संरक्षणलाई प्राथमिकतामा राख्न केन्द्रीय बालकल्याण समितिले भूकम्प गएको भोलीपल्ट अर्थात २०७२ बैशाख १३ गते प्रेस विज्ञप्तिमार्फत सबैलाई आव्हान गरेको थियो । आपत्कालीन अवस्थामा बालबालिकाको उद्दार संरक्षणको लागि **बालहेल्पलाईन निःशुल्क टेलिफोन नं. दश नौ आठ** (१०९८) **र बालबालिका खोजतलास समन्वय केन्द्रको निःशुल्क फोन नं.** १०४ मा खबर गरी आवश्यक सहयोग प्राप्त गर्न सकिने व्यहोरा समेत सोही प्रेस विज्ञप्तिमार्फत सबैलाई सूचित गरिएको थियो ।

### ४. उपत्यकास्थित अस्पतालहरूको आकस्मिक अनुगमन

भूकम्पबाट धेरै बालबालिका परिवारबाट विछोडिएका तथा घाइते भई अस्पताल पुऱ्याइएको हुन सक्ने अनुमानको आधारमा केन्द्रीय बालकल्याण समितिले उपत्यकामा रहेका अस्पतालहरूको स्थलगत अनुगमन गरेको थियो । सो क्रममा उपत्यकाका २५ वटा अस्पतालहरूबाट भूकम्प प्रभावित बालबालिकाको स्वास्थ्य स्थितिबारे जानकारी लिइएको थियो । यसका अतिरिक्त विभिन्न स्वास्थ्य संस्थाहरूमा समेत फोनबाट जानकारी लिने काम भयो । भूकम्पपश्चात् तत्काल उपचारार्थ आएका बाबुआमाबाट अलग्गिएको वा एक्लो बालबालिका फेलापरे केन्द्रीय बालकल्याण समितिलाई सूचना गर्न काठमाडौं उपत्यकाका अस्पतालहरूलाई पत्रमार्फत अनुरोध गरिएको थियो ।

### ५. विपदको बेला बालबालिकाको संरक्षणसम्बन्धी सूचना तथा विभिन्न माध्यमबाट समन्वय

भूकम्पबाट भएको धनजनको क्षतिबाट बालबालिका अधिक प्रभावित बन्न पुगेको परिवेशमा बाबुआमा तथा अभिभावक गुमाएका, परिवारबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि सम्बन्धित जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा सम्पर्क गर्नका लागि मिति २०७२ साल बैशाख २८ गते प्रेस विज्ञप्तिमार्फत सबैलाई अनुरोध गरियो । विपद्को मौका पारेर बाल यौनदुराचारीहरूबाट बालबालिकालाई बलात्कारलगायतका यौन दुर्व्यवहार हुनसक्ने जोखिम भएकाले बालबालिका खासगरी बालिकाहरूलाई अभिभावकहरूले आफ्नो निगरानीमा तथा साथमा नै राख्न सोही विज्ञप्तिमार्फत अनुरोध गरिएको थियो ।

बालबालिकालाई एक्लै नछाड्न, अस्थायी बासस्थानमा सधैं आफ्नो समूहमा बस्न, राहत पाउने लोभमा वा अन्य बहानामा अपरिचित व्यक्तिसँग कतै नपठाउन, उनीहरूका साथमा नराख्न, छोटो चिनजानको मान्छेलाई अधिक विश्वास गरी बालबालिकाको जिम्मा नदिन, राति बालबालिकालाई आफूसँगै कोठा वा टेन्टमा राख्न, अपरिचित र शंकास्पद व्यक्तिमाथि नजर राखी प्रहरीलाई खबर गर्ने लगायतका कुरामा सचेत र सतर्क रहन समेत केन्द्रीय बालकल्याण समितिले अनुरोध गरेको थियो । सो सम्बन्धी सूचना विभिन्न सञ्चार माध्यमबाट संप्रेषण गरिनुका साथै सम्बन्धित निकायहरूमा आवश्यक जानकारी तथा सहयोगका लागि प्रहरी प्रधान कार्यालयमा पत्राचार गरिएको थियो ।

### ६. भूकम्पका कारण जोखिम परिस्थितिमा रहेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलन

भूकम्पका कारण ओसारपसारमा परेका १०६ जना बालक र ८३ जना बालिका गरी जम्मा १८९ जना बालबालिकालाई केन्द्रीय बालकल्याण समितिको पहलमा उद्धार गरिएको थियो । केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिहरुसँगको समन्वयमा महिला तथा बालबालिका

सेवा निर्देशनालयले २०७२ बैशाख १२ गतेको भूकम्पपश्चात् विभिन्न सीमा नाकाहरूबाट अनधिकृत स्थानान्तरण तथा ओसारपसार गर्न लगिएका जम्मा १६१ बालबालिकाको उद्धार गरेको थियो *(नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७२, पृ. ४२)* । यसैगरी भारततर्फ लैजाँदै गरेका १९ जना बालबालिकालाई रोकी परिवारका आफन्तलाई जिम्मा लगाइएको थियो । ती मध्ये ११ जना बालक र ८ जना बालिका थिए ।

माथि उल्लेख गरिएझैं बैशाख १२ गते नै केन्द्रीय बालकल्याण समितिले नेपाल प्रहरीको सहयोगमा काठमाडौंस्थित धरहरा क्षेत्रबाट प्युठान निवासी २ वर्षीय बालिका र बसन्तपुर क्षेत्रबाट चितवनका १७ महिने बालिकाको उद्धार गर्‍यो । ती बालबालिका भूकम्पका कारण परिवारबाट विछोडमा परेका थिए । केन्द्रीय बालकल्याण समितिको पहलमा उनीहरूलाई तीन दिन सिविन नेपालद्वारा सञ्चालित बालहेल्पलाईनमा राखियो र पछि परिवारलाई बुझाइएको थियो । विनाशकारी विपद्पछि कतिपय अवस्थामा उद्दार सहयोग गर्ने नाममा कुत्सित उद्देश्य र मनसायले बालबालिकालाई परिवारबाट छुटाउने तथा ओसारपसार गर्ने जोखिम अत्याधिक रहन्छ । यो अवस्था आउन नदिन केन्द्रीय बालकल्याण समितिले सबै जिल्ला बालकल्याण समितिहरुको समन्वयमा विशेष निगरानी गरेको थियो । यसका सन्दर्भमा भएका केही घटनाहरु उदाहरणका लागि निम्नानुसार रहेका छन् ।

- भूकम्पका कारण धादिङ्गको झार्लाङ तथा री गा.वि.स.मा अलपत्र परेका बालबालिकाको अनधिकृत ओसारपसार गर्ने कार्यलाई केन्द्रीय बालकल्याण समितिको सक्रियतामा रोकिएको थियो । ललितपुरस्थित निर्मल सेकेन्डरी स्कूलसँग सम्बन्धित व्यक्तिहरूले गैरकानूनीरूपमा उल्लिखित गाविसका ४५ जना बालबालिका काठमाडौं ल्याउने क्रममा धादिङ्ग जिल्लामा नै रोक्ने प्रयास भएको थियो । तर उक्त प्रयास असफल भएपछि केन्द्रीय बालकल्याण समितिको पहलमा नेपाल प्रहरीको टोलीले घटनामा संलग्न सबैलाई नियन्त्रणमा लिन सफल भयो । तत्कालै केन्द्रीय बालकल्याण समितिद्वारा बालबालिकाको अभिलेख राखी, सबैको स्वास्थ्य उपचार र मनोसामाजिक परामर्शपछि पारिवारिक पुनःस्थापनाका लागि आवश्यक स्टेशनरी र राहत सामग्री सहित धादिङ्गमा नै पठाइएको थियो । धादिङ्ग सदरमुकाममा स्थापित अल्पकालिन बाल संरक्षण गृहमा केही अवधि ती बालबालिकालाई राखिए पश्चात्, जिबाकससँगको समन्वयमा ति बालबालिकालाई परिवारमा पुनर्मिलन गराइयो ।
- भूकम्प आउनु केही दिन अघिमात्र रूकुमको मैकोट गाविसबाट स्थानीय व्यक्तिले अनधिकृतरूपमा (४ बर्ष देखि १४ बर्ष उमेरसमूहका) २२ जना बालबालिकालाई (बाबुआमा जीवितै भएका) काठमाण्डौं ल्याएर एउटा घरमा राखेको पाइयो । भूकम्पपछि सो घर भत्केको हुँदा बालबालिकालाई अलपत्र अवस्थामा राखिएको थियो । केन्द्रीय बालकल्याण समितिको पहलमा बालबालिकाको उद्दार गरी घटनामा संलग्न व्यक्तिलाई प्रहरीको जिम्मा लगाइयो । पछि सबै बालबालिकालाई जिबाकस रूकुमसंग समन्वय गरी पारिवारिक पुनर्स्थापना गरिएको थियो ।
- त्यसैगरी भूकम्पप्रभावित समुदायमा राहत वितरण गर्ने क्रममा दोलखाको लापिलाङ गाउँबाट भारतको देहरादुनस्थित *पेस्तालोजी चिल्ड्रेन भिलेज* नामक संस्थाका व्यक्तिहरूले अनधिकृत रूपमा १९ जना बालबालिका काठमाण्डौ ल्याउदै गर्दा प्रहरीले पक्राउ गरेको थियो । ति बालबालिकालाई भारत लैजाने योजना रहेको बताइएको थियो । केन्द्रीय बालकल्याण समितिको पहलमा बालबालिकालाई अस्थायी रूपमा बालगृहमा राखी केही दिनपश्चात् बालबालिकालाई आफन्तको जिम्मा लगाइएको थियो ।
- नुवाकोट घरभई काठमाण्डौमा बसोबास गर्दै आएका ५ जना बालबालिकालाई भारतस्थित सिक्किमको गुम्वामा लैजाने क्रममा नेपाल प्रहरीको समन्वयमा काठमाडौंको थानकोट नाकाबाट ति बालबालिकाको उद्धार गरियो । ति मध्ये ४ जना बालबालिकाले भूकम्पमा आफ्ना आमा गुमाएका थिए । केन्द्रीय बालकल्याण समितिको पहलमा एकजना बालकलाई परिवारमा पुनर्मिलन गराइयो भने अन्य ४ जना बालबालिकालाई बालहेल्पलाइनमा संस्थागत स्याहारका लागि राखियो ।
- त्यसैगरी रसुवाबाट २ जना बालबालिकालाई तनहुँको बालगृहमा लैजाँदै गर्दा जिल्ला बालकल्याण समितिमार्फत रोकिएको थियो । पछि ति बालबालिकालाई पारिवारिक पुनर्मिलन गराइयो ।
- काठमाडौ जिल्लास्थित बाँसबारीमा रहेको पतन्जली योगपिठले भूकम्पपीडित भनी सम्बन्धित अभिभावक तथा निकायको सिफारिस, समन्वय तथा अनुमति विना बालबालिका ओसारपसार गरिराखेको भन्ने सूचनाको आधारमा केन्द्रीय बालकल्याण समितिले स्थलगत अनुगमन गरी ५४ जना बालकहरूलाई उद्दार गरेको थियो । पछि केन्द्रीय तथा जिल्ला बालकल्याण समितिको निर्देशनमा ती बालकहरूलाई सम्बन्धित परिवारमै पुनःस्थापना गराइयो । त्यसैगरी पतञ्जली योगपिठबाट काभ्रेमा राखिएका २२ बालबालिकालाई उक्त सँस्था र जि.बा.क.स.सँग समन्वय गरी परिवारमा पुनर्मिलन गराइएको थियो ।

- ओखलढुंगाबाट २९ जना बालबालिकालाई अनधिकृतरूपमा काठमाण्डौ ल्याई नेपाल बालसंगठनमा राखेको जानकारी पाएपछि केन्द्रीय बालकल्याण समितिद्वारा सबैलाई फिर्ता पठाउन पत्राचार गरिएको थियो । त्यसैगरी नेपाल बालसंगठनमा रहेका २०६ जना बालबालिकालाई स्वास्थ्य जाँचको प्रवन्धसमेत के.बा.क.स.ले मिलाएको थियो ।
- गोरखाबाट काठमाण्डौको गुम्वामा ल्याउँदै गरेका १५ जना बालबालिका तथा ल्याउने व्यक्तिलाई नेपाल प्रहरीसँगको समन्वयमा धादिङबाटै नियन्त्रणमा लिई पुनः गोरखामा फिर्ता पठाइएको थियो । साथै ती बालबालिकालाई जिबाकस गोरखासँगको समन्वयमा परिवारको जिम्मा लगाउने काम भयो ।
- लमजुङमा अनधिकृतरूपमा चलाएको बालगृहबाट १० जना बालबालिकाको उद्धार गरियो भने गृह संचालकलाई आवश्यक कारवाहीका लागि प्रहरीमा जिम्मा लगाइयो ।
- केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ तथा नेपाल प्रहरीको सँयुक्त टोलीले रूकुमबाट ल्याएर काठमाण्डौको बालाजुमा जोखिमपूर्ण अवस्थामा राखिएका १० जना बालबालिकाको उद्धार गरेको थियो । ती बालबालिकालाई हिमाली नविन समाजको संरक्षकत्वमा राखिएको एवम् उनीहरूका परिवारलाई पहिचान गरी पुनर्मिलन गराउने कार्यहरू भए ।
- ललितपुरस्थित *हाम्रोघर* नामक दर्ताविहीन बालगृहमा भूकम्प पीडित भनी सम्बन्धित अभिभावक तथा निकायको सिफारिस एवम् समन्यव अनुमति विना ल्याइराखेको भन्ने सूचनाको आधारमा स्थलगत अनुगमनका क्रममा ९ जना बालिकाहरू ल्याईएको पाइयो । केन्द्रीय बालकल्याण समितिको निर्देशन तथा जिल्ला बालकल्याण समितिको रोहवरमा सम्बन्धित बालिकाहरूलाई पुनः परिवारमा जिम्मा लगाइएको थियो ।
- काठमाण्डौको थली, भद्रवासमा भूकम्पपछि गैरकानूनी रूपमा संचालित अनन्तीय शव्दको सेवकायी नेपाल (Eternal Word Ministries Nepal) नामक संस्थाबाट ५६ जना बालबालिकाको उद्धार गरिएको थियो । जसमध्ये १२ जनालाई तत्कालै परिवारमा जिम्मा लगाइयो । अन्य बाँकी बालबालिकाको पारिवारिक पुनःस्थापनाका लागि हिमाली नविन समाज, एक्सेस ट्रान्जीट होम तथा बालहेल्पलाईन १० ९८ काठमाण्डौंमा पठाइएको थियो ।

## ७. बालगृहहरूको आकस्मिक अनुगमन तथा राहत सहयोग

केन्द्रीय बालकल्याण समितिबाट २०७२ बैशाख १८ गतेबाट २०७२ असार १ गते सम्म काठमाडौं उपत्यकामा रहेका १२१ वटा बालगृहहरूको द्रुतरूपमा स्थलगत भ्रमण गरी उक्त संस्थामा रहेका करिब ४००० जना बालबालिकाको स्थिति अध्ययन गरिएको र आवश्यकता अनुसारको राहत सामग्री समेत वितरण गरिएको थियो । भूकम्पपश्चात् अनधिकृत रूपमा स्थान्तरण गरिएका २२७ जना बालक र १३९ जना बालिकालाई उद्धार गरी आवधिक गृहमार्फत परिवारमा पुनर्मिलन तथा पुनर्स्थापना गरिएको थियो । विभिन्न जिल्लामा उद्धार भई केबाकसको समन्वयमा संस्थागत/पारिवारिक संरक्षणमा पठाइएका मध्ये ५१ जना बालक र ५३ जना बालिका थिए ।

### ८. अध्यागमन विभाग तथा वायुसेवा सञ्चालकहरूसँगको समन्वय

भूकम्प, बाढीजस्ता विपद्को समयमा अभिभावकविहीन तथा आफ्नो आमाबाबुबाट विछोडमा परेका बालबालिका आन्तरिक तथा वाह्य देशहरूमा ओसारपसारको जोखिममा पर्नसक्ने सम्भावना अधिक हुने भएकोले अध्यागमन विभागलाई सतर्कभै अध्यागमन निरीक्षणमा विशेष सर्तकता अपनाउन केबाकसबाट अनुरोध गरियो ।

त्यसैगरी हवाइमार्ग प्रयोग गरी बालबालिकाको ओसारपसार तथा बेचबिखन हुनसक्ने खतरालाई ध्यानमा राखी वायुसेवा सञ्चालकलाई सतर्क हुन ध्यानाकर्षण गर्दै पत्राचार गरिएको थियो । बालबालिकाको त्यस्ता शंकास्पद यात्राप्रति सचेत र सजग रहन एवम् तिनिहरूको ओसारपसार रोकथाममा सक्रिय रहन वायुसेवा सञ्चालकहरूलाई अनुरोध गरिएको थियो । यसका साथै नेपाली बालबालिका यात्रा गर्ने क्रममा उनीहरूका टिकट, बोर्डिङ्ग पासलगायत सम्पूर्ण दस्तावेजहरूको गहन जाँच गर्न, बालबालिका एक्लै वा अभिभावक विना अन्य जुनसुकै वयस्कसँग यात्रा गर्दा उनीहरूको कानूनी दस्तावेजको जाँच गर्न तथा जोखिम परिस्थितिमा रहेका र शंकास्पद परिस्थितिमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, केबाकस, महिला तथा बालबालिका विभाग, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ नेपाल प्रहरी, बालहेल्पलाईन १०९८ लगायतमा फोन गरी जानकारी गराउन समेत अनुरोध गरिएको थियो ।

### ९. विपद्मा बालबालिकाको संरक्षणसम्बन्धी सूचना

भूकम्पका कारण बाबुआमा गुमाएका तथा अभिभावकबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि सम्बन्धित जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा सम्पर्क गर्न केबाकसद्वारा सबैलाई अनुरोध गर्दै सूचना प्रकाशन गरियो । बालबालिकाको आपत्कालीन उद्धार, सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने फोन नं. १०९८ (दश नौ आठ) र बालबालिका खोजतलास समन्वय केन्द्रको फोन नं. १०४ मा सम्पर्क गर्नसमेत सोही सूचना मार्फत जानकारी दिइएको थियो । विपदको बेलामा गलत ढंगले बालबालिकाको ओसारपसार हुनसक्ने सम्भावना रहने हुँदा सबैलाई सतर्क रहन र बालबालिकाको उचित अभिलेख राख्न समेत केबाकसले सबैलाई अनुरोध गरेको थियो ।

### १०. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसँगको समन्वयमा सञ्चार

विनाशकारी भूकम्पपश्चात् संरक्षकविहीन भएका वा परिवारबाट अलग भएका बालबालिकालाई संरक्षणमा राख्न धेरै व्यक्तिहरू ईच्छुक भएका र संरक्षणमा राख्ने नाममा सम्बन्धित निकायको स्वीकृति एवम् जानकारी विनानै कतिपय बालबालिका ओसारपसार भैरहेका तथ्यहरू प्रकाशमा आएका थिए । बालबालिकालाई बालगृहमा राख्ने नाममा परिवारबाट अलग बनाउने तथा बेचविखन लगायतका अन्य

विभिन्न प्रकारका हिंसामा पारिने अवस्था आउन नदिन केन्द्रीय बालकल्याण समितिको पहल तथा समन्वयमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले केही नीतिगत निर्णयहरू गरेका थिए। जसअनुरूप मन्त्रालयको मिति २०७२/०१/२७ मा भएको निर्णयानुसार अर्को सूचना नभएसम्मका लागि निम्नानूसार गर्नु गराउन सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन भएको थियो ।

- नयाँ बालगृह संचालनका लागि अनुमति प्रदान नगर्ने व्यवस्था मिलाउने ।
- जिल्ला बालकल्याण समितिको अनुमति विना बालबालिका स्थानान्तरण नगर्ने र स्थानान्तरण गर्नैपर्ने अवस्था आएमा जिल्ला बालकल्याण समितिले उचित लेखाजोखा गरेर मात्र बालबालिका स्थानान्तरण गर्न अनुमति दिने ।
- आवश्यक प्रक्रिया पुरा नगरी बालगृह स्थापना गरी संचालन भए/नभएको सम्बन्धमा जिल्ला बालकल्याण समितिले प्रभावकारी रूपमा अनुगमन गर्ने ।

यसका साथै केन्द्रीय बालकल्याण समितिमार्फत उपरोक्त निर्देशनसम्बन्धीको सूचनालाई विभिन्न सञ्चारमाध्यम मार्फत संम्प्रेषण गर्ने काम भयो ।

त्यसैगरी विनासकारी भूकम्पपश्चात् अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ को दफा ४ (ट)मा व्यवस्था भए बमोजिम धर्मपुत्र, धर्मपुत्री लिंदा वा दिंदा हुनसक्ने बालदुर्व्यवहार, शोषण, ओसारपसार वा अपहरण, बेचविखन र बालबालिकामाथि हुनसक्ने अन्य कुनै गतिविधिबाट नेपाली बालबालिकालाई संरक्षण गर्ने व्यवस्थाका लागि नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त र प्रक्रिया, २०६५ को दफा ४ बमोजिमका अनाथ बालबालिकालाई मिति ०७२ बैशाख १२ गते पछि बालगृहमा भर्ना गरिएको मितिले तीन महिनासम्म कुनैपनि विदेशी नागरिकलाई त्यस्ता अनाथ बालबालिकालाई परिवार छनौट नगर्ने तथा त्यस्ता बालबालिका धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नको लागि अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री विकास समितिबाट मन्त्रालयमा सिफारिश नगर्ने गरी तीन महिनाका लागि निलम्बन गर्ने गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट निर्णय गरिएको थियो ।

### ११. **प्रहरी प्रधान कार्यालयसँगको समन्वय**

विनासकारी भूकम्पले सृजित अवस्थामा बालबालिकाको संरक्षणसम्बन्धमा जारी गरिएको सूचना नेपाल प्रहरीका सम्बन्धित निकायहरूमा आवश्यक जानकारी तथा सहयोगका लागि पठाई सहयोग गरिदिने अनुरोधसहित केन्द्रीय बालकल्याण समितिले प्रहरी प्रधान कार्यालयसँग समन्वय सञ्चार गरेको थियो । यसबाट मातहतका प्रहरी निकायहरूमा बालसंरक्षणप्रति संवेदनशीलता बढ्न गएको र सोहीबमोजिमका सहयोगहरू प्राप्त भएको थियो ।

## विपदमा बालबालिकाको संरक्षण

भूकम्पको विपदको मौका पारेर अस्थायी बसोबास लगायतको अवस्थामा बालबालिकालाई यौन दूर्व्यवहार भएका सूचना प्राप्त भएकाले बालबालिका खासगरी बालिकाहरुलाई अभिभावकहरुले आफ्नो निगरानीमा नै राख्न अनुरोध गर्दछौं । यस असहज अवस्थामा बाबुआमा तथा अभिभावकलाई निम्न कुरामा सचेत र सतर्क रहन आह्वान गर्दछौं:

- बालबालिकालाई एक्लै नछाड्ने, अस्थायी बासस्थानमा सधैं आफ्नो समूहमा बस्ने,
- राहत पाउने लोभमा वा अन्य बहानामा अपरिचित व्यक्तिसंग बालबालिकालाई एक्लै कतै नपठाउने, उनीहरुका साथमा नराख्ने,
- छोटोसमयको चिनजानका मान्छेलाई अधिक बिश्वास गरी बालबालिकाको जिम्मा नदिने,
- राती बालबालिकालाई आफूसँगै कोठा वा टेन्टमा राख्ने,
- अपरिचित र शंकास्पद व्यक्तिमाथि नजर राखी प्रहरीलाई खबर गर्ने

बालबालिकाको आपतकालिन उद्दार सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने **फोन नं १०९८ (दश नौ आठ)** र बालबालिका खोजतलास समन्वय केन्द्रको **फोन नं १०४** मा सम्पर्क गरौं।

## विपदमा बाबुआमा गुमाएका बालबालिकाको संरक्षण

भूकम्पका कारण बाबुआमा गुमाएका तथा अभिभावकबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि सम्बन्धित जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा सम्पर्क गर्न सबैलाई अनुरोध छ । बालबालिकाको आपतकालिन उद्धार, सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने **फोन नं १०९८ (दश नौ आठ)** र बालबालिका खोजतलास समन्वय **केन्द्रको फोन नं १०४** मा सम्पर्क गर्न सकिनेछ । यस विपदमा अभिभावक विहिन बालबालिकाको उद्दार गरी संरक्षणका लागि जिल्लाबाट अन्यत्र लानै पर्ने अवस्था आईपरेमा जिल्ला तथा केन्द्रीय बालकल्याण समितिसंग अनिवार्य समन्वय गर्न सबैलाई सूचित गरिन्छ । विपदको बेलामा गलत ढंगले बालबालिकाको ओसार पसार हुन सक्ने संभावना रहने हुँदा सबैलाई सतर्क रहन र बालबालिकाको उचित अभिलेख राख्न समेत अनुरोध छ ।

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, ललितपुर, **फोन नं ५०१००४५/४६,** इमेल: contact@ccwb.gov.np

महिला तथा बालबालिका सेवा निर्देशनालयले २०७२ बैशाख १२ गतेको भूकम्पपश्चात् विभिन्न सिमानाकाहरूबाट अनधिकृत स्थानान्तरण तथा ओसारपसार गर्न लागिएका जम्मा १६१ बालबालिकाको उद्धार गरिएको थियो । तलको तालिकामा यसबारे विस्तृतमा देखाइएको छ ।

तालिका १: २०७२ साल बैशाख १२ गतेको भूकम्पपश्चात् सीमानाकाहरुबाट उद्धार गरिएका बालबालिकाको संख्या

| क्षेत्र | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| विराटनगर | ६ | १२ | १८ |
| हेटौंडा | २८ | २३ | ५१ |
| पोखरा | ० | २ | २ |
| सुर्खेत | १६ | ११ | २७ |
| दिपायल | १० | ५ | १५ |
| काठमाडौं उपत्यका | १७ | ३१ | ४८ |
| **जम्मा** | ७७ | ८४ | १६१ |

*स्रोतः नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय, २०७१/०७२*

### १२. बालबालिकालाई राहत वितरण

भूकम्पलगतै बालबालिका केन्द्रित  राहत वितरण कार्यका लागि केन्द्रीय बालकल्याण समिति सक्रिय भयो । सो क्रममा काठमाडौं उपत्यकामा सञ्चालनमा रही भूकम्पबाट प्रभावित बालगृहहरूको द्रूत लेखाजोखा गरी आपत्कालीन त्रिपाल लगायतको आवश्यक राहत सामग्रीहरू सम्बन्धित निकायहरूको समन्वयमा उपलब्ध गराइएको थियो । त्यसैगरी  भूकम्प प्रभावित २२ जिल्लाहरूमा १०८ रिक्रियशनल किट, ५०० रिक्रियशनल ब्याग, १२३ म्याट, ल्याक्टोजिन, सर्वोत्तम पिठो, फलाटिनको कपडा वितरण

गर्ने काम भयो । भूकम्प प्रभावित बालबालिकालाई चिसोबाट बचाउन गोर्खा जिल्लाको लाप्राक र खरिवोटमा २५०, काठमाण्डौ जिल्लामा १००० र  ललितपुर जिल्लामा १५०० थान गरी जम्मा २७५० थान ब्ल्याङ्केट प्रति परिवारलाई वितरण गरियो । त्यसैगरी दोलखा जिल्लामा जिल्ला बालकल्याण समितिको समन्वय तथा जि.प्र.का.दोलखाको सहयोगमा बालबालिकाका निमित्त २५५ थान ब्ल्याङ्केट र १२० थान पाईन्ट वितरण गरिएको थियो । यसका अतिरिक्त केबाकस तथा जिल्ला बालकल्याण समितिको संयोजन एवम् अन्य संघसँस्थाहरूसँगको समन्वय र सहकार्यमा भूकम्पप्रभावित जिल्लाहरूमा बालबालिका केन्द्रित राहत वितरण सम्पन्न गरिएको थियो ।




१३. **तत्काल सहयोगका लागि अतिरिक्त बालअधिकार अधिकृतहरूको परिचालन**

भूकम्पबाट अतिप्रभावित जिल्लामा कार्य सहजताका लागि केन्द्रीय बालकल्याण समितिको निर्देशनमा (कमप्रभावित) अन्य जिल्लाबाट बालअधिकार अधिकृत परिचालन गरिएको थियो । त्यसरी परिचालित बालअधिकार अधिकृतहरूले जोखिममा परेका बालबालिकाको द्रुत सूचना संकलन तथा व्यवस्थापन र बाल केन्द्रित राहत वितरण, जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान गर्ने तथा बालसंरक्षणका लागि समन्वयमा सहयोग पुऱ्याउने जस्ता कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

### १४. बालमैत्री केन्द्रको अनुगमन तथा सञ्चालन

भूकम्पका कारण धेरै घरहरूमा क्षति पुग्न गएपछि विभिन्न निकाय तथा संघसँस्थाहरूको पहलमा भूकम्प अतिप्रभावित जिल्लामा अस्थायी टहरा निर्माण कार्य शुरू भयो । केन्द्रीय बालकल्याण समितिको पहलमा तत्कालै अस्थाई बासस्थानहरूमा बालसंरक्षणका सन्दर्भमा आईपर्न सक्ने जोखिमहरूका बारेमा सबैलाई सचेत गर्न सार्वजनिक सूचना प्रवाह गर्नुका अतिरिक्त बालकेन्द्रित राहत वितरणका साथसाथै बालसंरक्षणका विषयमा पनि सर्तकता अपनाइयो । सो क्रममा बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूले बालमैत्री केन्द्र तथा स्थानहरू बनाएका थिए । केन्द्रीय बालकल्याण समितिले उपत्यकालगायत १४ वटै जिल्लामा सञ्चालित बालमैत्री केन्द्रको अवलोकन गरी बालसंवेदशीलता अभिवृद्धि गर्नका साथै आवश्यक समन्वय तथा सहयोग पुऱ्याएको थियो । १४ जिल्लामा सञ्चालित ३५७ बालमैत्री स्थानहरूमा जम्मा २३,३५६ जना बालबालिकाको सहभागिता रहेको थियो ।

तालिका २ : बालमैत्री स्थानको विवरण

| सि.नं. | जिल्ला | संख्या | सि.नं. | जिल्ला | संख्या |
|---|---|---|---|---|---|
| १ | ओखलढुङ्गा | १६ | ८ | धादिङ | ३८ |
| २ | काठमाडौं | ८ | ९ | गोरखा | ३५ |
| ३ | ललितपुर | २१ | १० | मकवानपुर | २१ |
| ४ | भक्तपुर | २४ | ११ | सिन्धुपाल्चोक | ७२ |
| ५ | काभ्रे | ५४ | १२ | नुवाकोट | १२ |
| ६ | दोलखा | २८ | १३ | रसुवा | १२ |
| ७ | रामेछाप | ७ | १४ | सिन्धुली | ९ |
| | | | | **जम्मा** | ३५७ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति*



त्यसैगरी केन्द्रीय बालकल्याण समितिद्वारा जिल्ला बालकल्याण समितिमार्फत भूकम्पबाट प्रभावित १४ वटा जिल्लाहरूमा १५८ वटा बालमैत्री स्थान सञ्चालन गरियो । जसबाट धेरै बालबालिकाले बालमैत्री वातावरणमा आफ्नो अधिकारहरूको उपभोग गर्न सफल रहे ।

### १५. बालसंरक्षण सबक्लष्टरको नेतृत्व

भूकम्प गएको केही दिनपछि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नेतृत्वमा संरक्षण क्लष्टर सक्रिय बनाइएको थियो । जसअन्तर्गत स्थापना गरिएको बालसंरक्षण सवक्लष्टरको नेतृत्व केन्द्रीय बालकल्याण समितिले केन्द्रमा र जिल्ला

बालकल्याण समितिले जिल्लामा गरेको थियो । यसप्रकार बालबालिकाको पारिवारिक पहिचान तथा पुनर्स्थापनाका लागि नियमित रूपमा बालसंरक्षण सवक्लष्टरको बैठकको समन्वय गर्ने तथा सूचना व्यवस्थापन गरी सहयोग पुऱ्याउने काम भयो । यसका लागि भूकम्प प्रभावित जिल्लामा तथ्याङ्क संकलन गर्न विस्तृत रूपमा फाराम तयार पारिएको थियो ।

### १६. **विभिन्न निकाय तथा संघसँस्थाहरूसँग समन्वय एवम् योजना निर्माण बैठक**

विनाशकारी भूकम्पपश्चात् बालबालिकाको संरक्षणका लागि तथा बालकेन्द्रित राहत वितरणको क्रममा केन्द्रीय बालकल्याण समितिले विभिन्न निकाय तथा संघसंस्थासँग नियमित समन्वय कायम राखेको थियो । मूख्यतयाः गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, पत्रकार समुदाय, नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय, युनिसेफ, बालबालिका खोजतलास समन्वय केन्द्र, बाल हेल्पलाईन, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, बालगृह महासंघ लगायतसंग समन्वय गरी योजना निर्माण र सोको कार्यान्वयन गरिएको थियो ।

### १७. **बालगृह, संघसंस्था तथा विद्यालयलगायतलाई सूचना**

विपद्को समयमा कतिपय संस्था वा व्यक्तिले बालबालिका तथा परिवारको उचित लेखाजोखा बिना, गलत सूचना दिई वा प्रलोभनमा पारेर तथा अधिकार प्राप्त निकायको सिफारिश बिना गलत ढंगले परिवारबाट अलग गरी बालबालिकाको ओसारपसार गर्नसक्ने र बालबालिका अझ बढी जोखिम तथा दुर्व्यवहारमा समेत पर्ने सम्भावना रहेको देखियो । त्यसैले कुनै पनि बालगृहलगायत संघसंस्था, विद्यालय आदिले विभिन्न गाऊँ, जिल्लाबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिसंगको समन्वय र सिफारिश बिना बालबालिकालाई अन्यत्र नलैजानका लागि केन्द्रीय बालकल्याण समितिले सम्बद्ध सबैलाई विभिन्न सञ्चार माध्यमबाट सूचित गरेको थियो । यसका साथै कुनै संस्थाले विपद्प्रभावित बालबालिकालाई ल्याई संरक्षण दिएको भए सोको जानकारी सहित पूर्ण विवरण तुरून्तै सम्बन्धित जिल्ला तथा केन्द्रीय बालकल्याण समितिमा पेश गर्नसमेत सूचित गरियो । बालबालिकालाई परिवारबाट अलग नगर्न, उनीहरूको धर्म संस्कृति परिवर्तन नगराउन तथा अवान्छित गतिविधिमा बालबालिकालाई संलग्न नगराउनका लागिसमेत सचेत गरिएको थियो ।

### १८. **जिल्ला बालकल्याण समितिहरूलाई सहयोग तथा निर्देशन**

२०७२ साल बैशाख १२ गतेकै दिनदेखि केन्द्रीय बालकल्याण समितिले सबै जिल्ला बालकल्याण समितिसँग निरन्तर समन्वय कायम गरेको थियो । विशेषगरी विभिन्न जिल्लामा भूकम्पका कारण ज्यान गुमाएका तथा घाइते बालबालिकाको जानकारी लिन, जोखिम परिस्थितिमा रहेका बालबालिका एवम्

तिनिहरूका परिवारको पहिचान गर्न, बालबालिकाको आपत्कालीन उद्धार गर्न, औषधोपचार लगायत अत्यावश्यक सेवा सुविधा पुऱ्याउनका निमित्त विभिन्न निकाय तथा संस्थाहरूसँग समन्वय आदि जस्ता क्रियाकलापमा केन्द्रीय बालकल्याण समितिले जिल्ला बालकल्याण समितिहरूलाई सहयोग पुऱ्याएको थियो । यसका साथै बालबालिकाको संरक्षण कार्यलाई थप मजबुत बनाउन केन्द्रीय स्तरमा भएका नीतिगत निर्णयहरूको कार्यान्वयन तथा सूचना सम्प्रेषणका निमित्त जिबाकसहरूलाई परिपत्रमार्फत निम्नबमोजिमका मार्गदर्शनहरू दिएको थियो ।

- जिल्ला बालकल्याण समितिको अनुमति बिना बालबालिका स्थानान्तरण नगर्ने र स्थानान्तरण गर्नै पर्ने अवस्था आएमा जिल्ला बालकल्याण समितिले उचित लेखाजोखा गरेर मात्र बालबालिका स्थानान्तरण गर्न अनुमति दिने ।
- नयाँ बालगृह संचालनका लागि अनुमति प्रदान नगर्ने व्यवस्था मिलाउने ।
- आवश्यक प्रक्रिया पुरा नगरी बालगृह स्थापना गरी संचालन भएनभएको सम्बन्धमा जिल्ला बालकल्याण समितिले प्रभावकारी रूपमा अनुगमन गर्ने ।
- तत्काल तीन महिनाका लागि अन्तर्देशीय धर्म सन्तान दिने लिने प्रक्रियामा रोक लगाउने ।
- बालबालिकाको बारेमा निर्णय गर्दा बालबालिकालाई परिवारबाट अलग्याउन नहुने सिद्धान्तलाई ध्यानमा राख्न तथा बालबालिकाको ओसारपसार र बेचबिखन हुनसक्ने खतरालाई ध्यानमा राखी सक्रिय निगरानी गर्ने ।
- रेडियो पत्रपत्रिका लगायतका सञ्चार माध्यमबाट अभिभावक तथा सर्वसाधारणले गर्नहुने र नहुने कार्यहरूको बारेमा तथा बालबालिकालाई परिवारबाट अलग्याउन नहुने, उनीहरू विरूद्ध हुनसक्ने यौन हिंसाबाट बचाउने सम्बन्धी सचेतनामूलक सन्देश प्रवाह गर्ने ।
- जिल्ला जिल्लामा बालसंरक्षणका निम्ति के गर्ने के गर्न नहुने भन्ने जानकारी सहित सम्पर्क व्यक्ति तथा टेलिफोन नं समेत उल्लेख गरिएको पर्चा वितरण गर्ने, सचेतना सूचना पाटी राख्ने र सामाजिक कार्यकर्ताहरूको परिचालन गर्ने ।

माथि उल्लेखित सम्पूर्ण निर्देशनहरू सफल रूपमा सम्पन्न गर्ने काम भयो । सोको अनुगमन तथा पृष्ठपोषण नियमितरूपमा गरिएको थियो ।

### १९. आवश्यक अनुसन्धान र कारवाहीका लागि जिल्ला प्रहरी कार्यालयसँग समन्वय

बैशाख २४ गते धादिङ जिल्लाको री र झार्लाङ गाविसबाट घर परिवारबाट अलग गरी ४५ जना बालबालिकाकालाई अनधिकृत रूपमा काठमाडौं ल्याइएकोमा बालकल्याण समितिको पहलमा ती बालबालिकाको प्राथमिक स्वास्थ्य जाँच तथा मनोसामाजिक विमर्शपश्चात् पारिवारिक पुनर्मिलनका लागि धादिङ्ग जिल्ला बालकल्याण समितिमा पठाइएको थियो । ती बालबालिका धादिङ्गका दुई गाविसका मात्र भएको तथा अधिकांशका आमाबुबा समेत भएको अवस्थामा ती बालबालिका के कुन प्रक्रियाले

घरपरिवारबाट छुटाई के कुन प्रयोजनका लागि काठमाडौं ल्याइएको हो भन्ने सन्दर्भमा उक्त बालबालिका जम्मा गरी काठमाडौं ल्याउने प्रक्रियामा संलग्न हुनेहरूको नाम, ठेगाना तथा सम्पर्क नम्बर सहित आवश्यक अनुसन्धान तथा कानूनी कारवाहीका लागि केन्द्रीय बालकल्याण समितिले जिल्ला प्रहरी कार्यालय धादिङ्गसँग पत्राचार गरेको थियो । यसरी समन्वय गरेपश्चात् संलग्न व्यक्तिहरूमाथि प्रहरीद्वारा कारवाही प्रक्रिया अगाडि बढाइयो ।

### २०. तत्काल बालसंरक्षण कार्य सञ्चालनका लागि दिग्दर्शन, २०७२ निर्माण तथा अन्य नीतिगत निर्णयहरू

भूकम्पपश्चात् बालबालिकाको जोखिम र नाजुक परिस्थितिको फाइदा उठाएर उनीहरूलाई विभिन्न प्रलोभनमा पारेर आफ्नो अभिभावक, परिवार र समाजबाट अनाधिकृत रूपमा अलग्याउने, विना रेकर्ड स्थानान्तरण गर्ने र विभिन्न प्रयोजनका लागि ओसारपसार गर्ने जस्ता कार्यलाई नियन्त्रण गर्नु आवश्यक हुनगयो । विपद्पछिको अवस्थामा बालबालिकालाई परिवारबाट अलग्याउँदा आइपर्न सक्ने थप जोखिमलाई न्यूनीकरण गर्दै बालबालिकाको संरक्षणका लागि नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समितिले केही नीतिगत निर्णय गऱ्यो र केही निर्देशिकाहरू समेत जारी गऱ्यो ।

भूकम्पपश्चात् बालबालिकालाई विभिन्न संकट वा समस्याबाट राहत प्रदान गर्न र सम्भावित विभिन्न किसिमका शोषण तथा हिंसाबाट संरक्षण गर्न केन्द्रीय बालकल्याण समितिले आवश्यक निर्देशिकाहरू जारी गरी जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय एवम् जिल्ला बालकल्याण समितिमा परिपत्र गरेको थियो । भूकम्पपश्चात् तत्कालै अस्थायी बासस्थानहरूमा बालसंरक्षणका सन्दर्भमा आइपर्नसक्ने जोखिमहरूका बारेमा सबैलाई सचेत गर्न सार्वजनिक सूचना प्रवाह गरिएको थियो । यसका साथै केन्द्रीय बालकल्याण समितिले तत्काल संरक्षण कार्य सञ्चालनका लागि दिग्दर्शन, २०७२ निर्माण गऱ्यो (नेपालमा बालबालिकाको स्थिति २०७३, पृ. ५१-५२) ।

यसका साथै केन्द्रीय बालकल्याण समितिले विपदको समयमा बालबालिकाको अन्तरिम संरक्षण तथा स्याहारका लागि दिग्दर्शन पनि निर्माण गऱ्यो । जसअनुसार बालबालिकालाई प्राथमिकता अनुसार आफ्नो नातागोता कहाँ, अभिभावकत्व दिन चाहने परिवारमा वा अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रमा राख्नुपर्छ भनि उल्लेख गरेको छ । यो दिग्दर्शनमा बालबालिकालाई अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रमा राख्नको लागि मापदण्ड, बालबालिकाको लागि स्थापना गरिने अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रसम्बन्धी मापदण्ड, अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्र स्थापना प्रक्रिया तथा विपदको समयमा स्थापना गरिने अन्तरिम बालसंरक्षण तथा स्याहार केन्द्रमा बालबालिकालाई दिनुपर्ने मुलभूत सेवा र न्यूनतम मापदण्ड पनि उल्लेख छ ।

## २१. **सूचना व्यवस्थापनमा सहजीकरण तथा आपत्कालीन सहयोगमा प्राथमिकता दिन बालबालिकाको वर्गीकरण**

सूचना व्यवस्थापन कार्यलाई प्रभावकारी बनाई अत्यन्त जोखिम परिस्थितिमा रहेका बालबालिकाले प्राथमिकताका साथ राहत सहयोग प्राप्त गर्न सकून् भन्ने मूलभूत उद्देश्य सहित बालबालिकाको वर्गीकरण गरी तथ्याङ्क संकलन तथा राहत वितरण कार्यमा सहजीकरण गरिएको थियो । जसअनुरूप देहायका तीनवटा वर्गअन्तर्गतका बालबालिका रहेका थिए ।

**क) कुनैपनि बयस्कको संरक्षणमा नरहेका बालबालिका (Unaccompanied Children)**

कुनैपनि वयस्कको संरक्षणमा नभएको एक्लो बालबालिका (Unaccompanied children) भन्नाले १८ वर्ष मुनिका, दुवै अभिभावकसँग छुट्टिएका, कानुनी वा हेरचाहका लागि प्राथमिक सामाजिक दायित्व बोकेका व्यक्ति वा नातागोताका व्यक्तिसँग छुट्टिएका र आफैं जेनतेन बाँचिरहेका एक्लो बालबालिका ।

**ख) परिवारवाट अलग्गिएका बालबालिका (Separated Children)**

बाबुआमा वा एकाघरका उमेर पुगेका नातेदारबाट अलग्गिएका बालबालिका (Separated children) भनेका १८ वर्ष मुनिका, दुवै अभिभावक अर्थात् बाबु र आमाबाट अलग्गिएका वा कानूनी वा हेरचाह गर्ने सामाजिक दायित्व पाएका एकाघरका उमेर पुगेका नातेदारबाट छुट्टिएका बालबालिका । यसमा बालबालिका बाबुआमा वा एकाघरका उमेर पुगेका नातेदारबाट अलग्गिएको भएतापनि अन्य आफन्त वा समुदायका सदस्यसँग बसिरहेका हुनसक्छन् । एक वा दुवै अभिभावक गुमाइ अन्य आफन्त वा समुदायका सदस्यसँग बसिरहेका बालबालिका पनि यस समुहमा पर्दछन् ।

ग) जोखिममा परेका बालबालिका (Vulnerable Children)

- बालबालिकाले कमाएर घर चलाउनु पर्ने
- अपाङ्गता भएका बालबालिका
- स्वास्थ्यस्थिति असामान्य भएका बालबालिका
- अभिभाबक गुमाएका, बाबु आमा गुमाएका बालबालिका
- अविभाबक वा संरक्षकलाइ गम्भीर चोट लागेको वा अपाङ्गता भइ पालनपोषण स्याहार संरक्षण गर्न नसक्ने भएका बालबालिका
- घरबार विहिन भएका, आम्दानीको श्रोत नभएका बालबालिका
- सडक बालबालिका
- १८ बर्ष मुनिका आफै बच्चाको आमा भएका बालिकाहरू
- शोषणमा परेका बालबालिका
- बाल श्रमिक
- उचित पोषणको व्यवस्था नभएका बालबालिका
- बाबु वा आमाले दोस्रो विवाहगरी अन्यसंग बसेका बालबालिका

## २२. संयुक्त राष्ट्रसंघीय निकाय युनिसेफसँगको साझेदारितामा आपत्कालीन कार्यक्रम कार्यान्वयन

भूकम्पका कारण गोरखा, धादिङ्ग, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा, मकवानपुर, काठमाडौं, भक्तपुर र ललितपुर गरी जम्मा १४ जिल्लाहरू अति प्रभावित भएका थिए। २०७२ सालको विनासकारी भूकम्प पश्चात् आमा वा बाबु वा दुवै अभिभावक गुमाएका, संरक्षकबाट टाढिएका तथा संरक्षकविहीन भएका र अति जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाका बालसंरक्षणसम्बन्धी सवालहरूलाई सम्बोधन गर्न केन्द्रीय बालकल्याण समितिले युनिसेफको सहयोगमा भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरूमा आपत्कालीन कार्यक्रमहरू सञ्चालन गरेको थियो । यो कार्यक्रमको अवधि सन् २०१५ को जून महिनादेखि सन् २०१७ को डिसेम्बर महिनासम्म रहेको थियो ।

यस कार्यक्रमले जोखिमपूर्ण अवस्थामा (अभिभावक गुमाएका, अभिभावकबाट छुट्टिएका तथा जोखिम परिस्थितिमा) रहेका बालबालिकाको पहिचान गर्ने, तिनीहरूको प्रोफाइल बनाउने एवम् शैक्षिक निरन्तरताका लागि तत्काल राहत प्रदान गर्दै तथ्याङ्क प्रबोधिकरण र प्राथमिकीकरणमा परेका बालबालिकालाई घटना व्यवस्थापन प्रणालीमार्फत उनीहरूका बालसंरक्षणसम्बन्धी समस्याको समाधान गर्ने लक्ष्य राखेको थियो । यस कार्यक्रम अन्तर्गत सम्पन्न गरिएका केही मूख्य गतिविधिहरू यहाँ तल छोट्करीमा चर्चा गरिएको छ ।

### १. भूकम्पप्रभावित १४ जिल्लामा सूचना व्यवस्थापन अधिकृतहरूको नियुक्ति

भूकम्प प्रभावित १४ जिल्लाहरूमा जिल्ला बालकल्याण समितिमा रहने गरी सूचना व्यवस्थापन अधिकृतहरूको नियुक्ति मार्फत "पारिवारिक परिरक्षण तथा बालबालिकाको ओसारपसार रोकथाम मार्फत घटना व्यवस्थापन तथा उत्थानशीलता निर्माण" नामक यस कार्यक्रम कार्यान्वयन गरिएको थियो। १४ जिल्लामा नै नियुक्त भएका सूचना व्यवस्थापन अधिकृतले जिल्ला बालकल्याण समितिको निर्णय तथा बालकल्याण अधिकारीको मातहतमा रही सम्पूर्ण कार्यक्रम कार्यान्वयनलाई अघि बढाएका थिए । बालकल्याण अधिकारी एवम् साझेदार सँस्थाका प्रतिनिधि तथा केबाकसद्वारा जिल्लास्थित नियुक्त गरिएका सबै सूचना व्यवस्थापन अधिकृतहरुलाई आवश्यक आधारभूत एवम् प्राविधिक सहयोग पुऱ्याउने काम भएको थियो ।

### २. अभिभावकविहीन तथा अतिजोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान

भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिको निर्देशनमा र जिल्ला बालकल्याण समितिको समन्वयमा भूकम्प अति प्रभावित १४ जिल्लामा बाबुआमा गुमाएका, परिवारबाट अलग्गिएका र विभिन्न कारणले जोखिम अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क संकलन गर्ने काम भयो । तथ्याङ्क संकलनको कार्य विशेषगरी साझेदारसँस्था मार्फत सामाजिक कार्यकर्ताहरूको परिचालनबाट गरिएको थियो । विभिन्न स्रोतबाट आएका तथ्याङ्कलाई सूचना व्यवस्थापन अधिकृतमार्फत कम्प्युटरमा प्रविष्टि गर्ने र विश्लेषण

गर्ने काम भयो । यसरी संकलित तथ्याङ्कलाई विश्लेषण गरी बालबालिकालाई सहयोगका लागि विभिन्न संघसँस्थासँग समन्वय गर्ने कार्य गरिएको थियो ।

### ३. आपत्कालीन शैक्षिक तथा पारिवारिक (संरक्षण) सहयोग

संकलित तथ्याङ्कको आधारमा केन्द्रीय बालकल्याण समितिद्वारा जिबाकसमार्फत जोखिम परिस्थितिमा रहेका बालबीलकाहरूलाई रू. ४००० देखि रू. ५००० सम्म आपत्कालीन सहयोग वितरण गरिएको थियो । यसको मूल उद्देश्य अति जोखिममा रहेका बालबालिकालाई शिक्षा, स्वास्थ्य, खाद्यलगायतका आधारभूत आवश्यकतामा सहयोग गर्ने रहेको थियो ।

आपत्कालीन शैक्षिक तथा पारिवारिक (संरक्षण) सहयोगका लागि बालबालिकाको छनौट गर्दा निम्न बालबालिकालाई पहिलो प्राथमिकतामा राखिने मापदण्ड बनाइएको थियो ।

क) कुनैपनि कारणले आमा, बुबा वा दुवैको मृत्यु भएका
ख) भूकम्पका कारणले आमा वा बुबा वा दुबै गुमाएका
ग) आमा वा बुबामध्ये कुनै १ जनाको मृत्यु भएको र अर्कोले दोस्रो विवाह गरेको
घ) आमा बुबा दुवैले बेवास्ता गरी अन्य नातेदारको संरक्षणमा रहेका

तालिका ३: जुन २०१७ सम्म आपत्कालीन कार्यक्रममार्फत सहयोग गरिएका बालबालिका

| क्र.स. | जिल्ला | जम्मा सहयोग | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | सिन्धुपाल्चोक | ८३६ | ८९७ | १७३३ |
| २ | दोलखा | ५७४ | ५२८ | ११०२ |
| ३ | काभ्रेपलान्चोक | ५८५ | ६३० | १२१५ |
| ४ | रसुवा | ३१० | ३१७ | ६२७ |
| ५ | नुवाकोट | ५०६ | ५९९ | ११०५ |
| ६ | धादिङ | ६६१ | ६७५ | १३३६ |
| ७ | गोरखा | ५६१ | ५०९ | १०७० |
| ८ | मकवानपुर | ४३४ | ५४२ | ९७६ |
| ९ | रामेछाप | ५३१ | ४९० | १०२१ |
| १० | ओखलढुङ्गा | ४९४ | ५२१ | १०१५ |
| ११ | सिन्धुली | ४५० | ५२१ | ९७१ |
| १२ | भक्तपुर | २८० | ३२६ | ६०६ |
| १३ | ललितपुर | ४९३ | ६२६ | १११९ |
| १४ | काठमाण्डौ | ५२९ | ६०९ | ११३८ |
| | **जम्मा** | **७२४४** | **७७९०** | **१५०३४** |

*स्रोत : केन्द्रीय बालकल्याण समिति*

२०७४ असार १५ (जुन २०१७) सम्ममा १४ जिल्ला बालकल्याण समितिमार्फत कूल १५ हजार ३४ बालबालिकालाई बालसंरक्षण तथा शैक्षिक सहयोग गरिएकोमा आपत्कालीन कार्यक्रमको अन्त्यसम्म (डिसेम्बर २०१७) मा अनाथ बालबालिकाको स्थिति अध्ययन गर्ने क्रममा पहिचान भएकामध्ये अत्यन्त कठीन परि स्थितिमा रहेका थप १३३ जना बालबालिकालाई यसै कार्यक्रममार्फत बालसंरक्षण सहयोग गरिएको थियो । यसरी आपत्कालीन कार्यक्रमले  १४ जिल्लामा जिल्ला बालकल्याण समितिमार्फत १५ हजार १ सय ६७ बालबालिकालाई प्रत्यक्ष सहयोग पुऱ्याएको थियो भने संकलित तथ्याङ्कको आधारमा नै दोहोरोपना नहुने गरी जिल्लामा कार्यरत साझेदार संस्थाहरुले ८ हजार २ सय २२ बालबालिकालाई आपत्कालीन बालसंरक्षण सहयोग तथा शैक्षिक सहयोग गरेका थिए । यसरी हेर्दा कूल सङ्कलित तथ्याङ्क (४७,५७०) मध्ये आपत्कालीन कार्यक्रमले प्रत्यक्ष सहयोग पुऱ्याएको बालबालिकाको प्रतिशत ४९.१७ (२३,३८९) रहेको देखिन्छ ।

### ४. उद्धार तथा पुनःस्थापना




भूकम्पलगत्तैको आपत्कालीन अवधिमा केन्द्रीय बालकल्याण समितिले देशका विभिन्न ठाउँबाट जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गरी पुनःस्थापना गरेको थियो (यसबारे माथिनै चर्चा गरिसकिएको छ) । आपत्कालीन कार्यक्रम सञ्चालन गरिएका १४ जिल्लामा कार्यक्रम सञ्चालन गरिएको पहिलो वर्षमा अभिभावकबाट विछोड भएका जम्मा २३९ जना (१२७ बालक, ११२ बालिका) बालबालिकालाई तिनीहरूको परिवारमा पुनर्मिलन गराइएको थियो । त्यसैगरी सोही अवधिमा गैरकानूनीरूपमा ओसारपसार हुनलागेका १८९ जना (१०६ बालक, ८३ बालिका) बालबालिकालाई उद्धार गरिएको थियो *(आपत्कालीन कार्यक्रमसम्बन्धी केन्द्रीय बालकल्याण समितिले तयार पारेको एकवर्षको प्रगति प्रतिवेदन, मे २०१६)* ।

### ५. सूचना व्यवस्थापन (घटना दर्ता, पारिवारिक लेखाजोखा)

भूकम्पले बढी प्रभाव पारेका १४ जिल्लाहरूबाट २०७४ साल असार मसान्तसम्म संकलित तथ्याङ्क अनुसार जम्मा ४७ हजार ५ सय ७० जना बालबालिका जोखिम परिस्थितिमा रहेको पाइएको थियो । जसमा बुबा र आमा दुवै नभएका बालबालिकाको संख्या १ हजार २ सय ५४ जसमा भूकम्पकै कारण बाबुआमा दुबै गुमाएका बालबालिकाको संख्या १२०, आमा वा बाबुमध्ये कुनै एकजना नभएका बालबालिकाको संख्या २१ हजार २ सय ५० मध्ये भूकम्पकै कारणले आमा वा बुबा गुमाएका बालबालिकाको संख्या १ हजार २ सय ६२ जना पहिचान गरिएको थियो । त्यसैगरी परिवारबाट अलग्गिएका ५ हजार १ सय ४४ जना, कुनै पनि वयस्कको संरक्षणमा नभएका १४७ जना र अन्य

कारणले जोखिममा परेका बालबालिकाको संख्या ४२ हजार २ सय ७९ गरी कूल ४७ हजार ५ सय ७० जना भूकम्प प्रभावित बालबालिका पहिचान भएका थिए *(नेपालमा बालबालिकाको स्थिति २०७३, पृ. ५२)* ।

घटनाको प्रकृति हेरी घटना व्यवस्थापन प्रक्रियामा लैजानु पर्ने अत्यन्त गम्भीर तथा जोखिम परिस्थितिमा रहेका र संरक्षणको आवश्यकता भएका बालबालिकासम्बन्धी निम्न मापदण्ड बनाइएको थियो :

- अभिभावकविहीन बालबालिका तथा परिवारबाट विछोड भएका बालबालिका
- दुर्व्यवहार (यौन वा शारीरिक) एवम् बेवास्तामा परेका र बेवारिसे छोडिएका बालबालिका तथा बालश्रमिक
- बालबालिका तथा अभिभावकमा अपाङ्गता भएका

घटना दर्ता गरिसकेपछि घटना व्यवस्थापनसम्बन्धी मार्गदर्शन २०७० बमोजिम बालबालिका र परिवारको स्पष्ट स्थितिको जानकारी लिने र उसको उच्चतम हित हुने गरी स्याहार योजना निर्माण गरी कामको प्राथमिकता तोक्ने तथा तिनका परिवारको लेखाजोखा गर्ने काम भएको थियो । अतिजोखिम वर्गमा परेका बालबालिकालाई प्राथमिकता दिई बालकल्याण अधिकारीको निर्देशनमा आवश्यकता अनुसार उद्धार तथा आपत्कालीन सेवा उपलब्ध गराइएको थियो ।

त्यसैगरी सूचना व्यवस्थापन अधिकृत तथा साझेदारसंस्थालगायतको सहयोगमा जिबाकसहरूद्वारा बालसंरक्षणको क्षेत्रमा क्रियाशील संघसंस्थाहरूको नक्सांकन, उनीहरूले प्रदान गर्ने सेवाहरूबारे जानकारी लिने काम भयो । यही सेवा नक्सांकनको आधारमा विभिन्न सेवा प्रदान गर्ने निकाय तथा संस्थाहरूबीच समन्वय बैठक राखेर सिफारिस संयन्त्रको विकास गरिएको थियो ।

### ६. घटना व्यवस्थापन प्रणालीको सुदृढीकरण

भूकम्पश्चात् अतिप्रभावित १४ जिल्लामा सञ्चालित पहिलो चरणको (जुलाइ २०१५ देखि जुन २०१६ सम्म) आपत्कालीन कार्यक्रम अन्तर्गत ४४ हजार १ सय ३१ जना अभिभावक गुमाएका, परिवारबाट विछोड भएका र अन्य कारणले जोखिम परिस्थितिको अवस्थामा रहेका बालबालिकाको पहिचान गरिएको थियो भने दोस्रो चरणमा (जुलाइ २०१६ देखि जुन २०१७) ३ हजार ४ सय ३९ जना बालबालिका नयाँ पहिचान भई भूकम्पबाट प्रभावित जोखिममा परेका बालबालिकाको संख्या ४७ हजार ५ सय ७० पुगेको थियो । पहिलो चरणमा गरिएको कार्यक्रमबाट धेरै बालबालिकालाई घटना व्यवस्थापन प्रक्रिया अन्तर्गत बालसंरक्षणका लागि लैजानुपर्ने महसुश गरियो । सोही योजना अनुसार, यस आपत्कालीन कार्यक्रमको दोस्रो चरणमा बालसंरक्षणका लागि घटना व्यवस्थापन प्रणालीलाई एक विशिष्ट पद्धतिको रूपमा स्थापित गर्ने र सुदृढ गर्ने प्रयास गरियो । जसअन्तर्गत भूकम्प वा अन्य कारणले परिवार वा अभिभावकबाट अलग्गिएर जोखिममा परेका बालबलिकालगायत हिंसा, दुर्व्यवहार तथा अन्य कारणले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई

घटना व्यवस्थापन सहयोग गरिएको थियो (पारिवारिक परिरक्षण तथा ओसारपसार रोकथाम मार्फत घटना व्यवस्थापन तथा उत्थानशील निर्माण विषयमा केन्द्रीय बालकल्याण समितिले तयार पारेको प्रगति प्रतिवेदन, जुलाई २०१६ देखि जुन २०१७)।

जुन २०१६ सम्ममा जिबाकस मार्फत १४ हजार २ सय १२ जना बालबालिकालाई आपत्कालीन शैक्षिक तथा पारिवारिक संरक्षण सहयोग गरिएकोमा जुलाइ २०१६ देखि जुन २०१७ को अवधिमा अघिल्लो आर्थिक वर्षमा सहयोग पाइसकेकाहरुको पुनःप्रथमिकीकरण गरी जोखिमता मूल्यांकनको आधारमा २ हजार ६ सय ३४ जना र नयाँ पहिचान भएकामध्ये उच्च जोखिममा रहेका ८ सय २२ जना गरी कूल ३ हजार ४ सय ५६ जना बालबालिकालाई घटना व्यवस्था प्रकृयामार्फत कठीन परिस्थितिमा रहेका बालबालिकाको संरक्षणका लागि शैक्षिक, स्वास्थ्य, मनोसामाजिक, कानुनी उपचार, वैकल्पिक स्याहारलगायतका सेवा प्रवाह गरिएको थियो । यसरी कार्यक्रमको अन्त्यसम्म आइपुग्दा भूकम्पबाट प्रभावित कूल १५ हजार ३४ बालबालिका प्रत्यक्ष रुपमा बालसंरक्षण, शैक्षिक तथा घटना व्यवस्थापन सहयोगबाट लाभान्वित भएका थिए भने सो मध्ये २ हजार ६ सय ३४ जना बालबालिकाले कार्यक्रमबाट दुईपटक (पहिलो चरण र दोस्रो चरण) सहयोग पाएका थिए ।

**तालिका ४: जुन २०१७ सम्म गरिएका घटना व्यवस्थापन सहयोग**

| क्र.सं. | जिल्ला | प्राथमिकतामा परेका बालबालिका | | | आवश्यकता लेखाजोखा गरिएको | सहयोग गरिएको | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | | बालक | बालिका | जम्मा |
| १ | सिन्धुपाल्चोक | ४५३ | ४१३ | ८६६ | ८६६ | १८६ | १९० | ३७६ |
| २ | दोलखा | २७२ | २४४ | ५१६ | ५१६ | २५१ | २७९ | ५३० |
| ३ | काभ्रेपलाञ्चोक | ७९९ | ८५२ | १६५१ | १६५१ | ६५ | ६९ | १३४ |
| ४ | रसुवा | १५० | १५० | ३०० | ३०० | ५५ | ५५ | ११० |
| ५ | नुवाकोट | २२० | २८० | ५०० | ५०० | १५५ | १७० | ३२५ |
| ६ | धादिङ्ग | २३४ | २२५ | ४५९ | ४५९ | १०१ | १३९ | २४० |
| ७ | गोरखा | २०१ | १८३ | ३८४ | ३८४ | १२७ | १०८ | २३५ |
| ८ | मकवानपूर | ७६ | १६४ | २४० | २४० | ११२ | १३८ | २५० |
| ९ | रामेछाप | २६२ | २८८ | ५५० | ५५० | ८७ | ९७ | १८४ |
| १० | ओखलढुङ्गा | २०० | ३०० | ५०० | ५०० | ५६ | ६५ | १२१ |
| ११ | सिन्धुली | ३२२ | २४२ | ५६४ | ५६४ | ८९ | ११७ | २०६ |
| १२ | भक्तपुर | १८२ | २०५ | ३८७ | ३८७ | ८९ | ११२ | २०१ |
| १३ | ललितपूर | ११८ | १६९ | २८७ | २८७ | ९६ | ८९ | १८५ |
| १४ | काठमाडौं | ७१८ | ९२२ | १६४० | १६४० | १५९ | २०० | ३५९ |
| | **जम्मा** | **४२०७** | **४६३७** | **८८४४** | **८८४४** | **१६२८** | **१८२८** | **३४५६** |

*स्रोत : केन्द्रीय बालकल्याण समिति*

घटना व्यवस्थापन सहयोग अन्तर्गत १४ जिल्लामा कठीन परिस्थितिमा रहेका बालबालिकाको संरक्षणका लागि शैक्षिक, स्वास्थ्य, मनोसामाजिक, कानुनी उपचार, वैकल्पिक स्याहारलगायतका सेवा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको थियो । सो प्रयोजनको निमित्त बालकल्याण अधिकारीको निर्देशन र समन्वयमा सूचना व्यवस्थापन अधिकृतले बालबालिकाको विभिन्न सूचना र स्थलगत भ्रमणको अनुभवको आधारमा प्रमाणीकरण गरी सहयोग गर्नुपर्ने बालबालिकाको नाम जिबाकसको बैठकबाट अनुमोदन गराउनुपर्ने व्यवस्था थियो ( बालसंरक्षणसम्बन्धी आपत्कालीन परियोजना सञ्चालन मार्गदर्शन (आ.ब. २०७३/७४ का लागि) ।

### ७. तथ्याङ्क वर्गीकरण एवम् हस्तान्तरण

आपत्कालीन कार्यक्रम डिसेम्बर २०१७ बाट सम्पन्न हुने भएकाले १४ जिल्ला बालकल्याण समितिहरु मार्फत संकलित तथा व्यवस्थित तथ्याङ्कलाई सम्बन्धित पालिकाअनुसार विभाजन गरी स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। स्थानीय तहअनुसार बालबालिकाको अवस्थाको विस्तृत जानकारी सहितको उक्त तथ्याङ्क प्रत्येक स्थानीय सरकारको लागि बालबालिका लक्षित कार्यक्रम निर्माणमा उपयोगी हुने र सोको आधारमा बालमैत्री योजना बन्ने विश्वास समेत केन्द्रीय बालकल्याण समितिले गरेको छ ।

### ८. बालसंरक्षण, घटना व्यवस्थापन र बालअधिकारमा आधारित योजना तर्जुमा प्रकृयासम्बन्धी अभिमूखीकरण

आपत्कालीन कार्यक्रमको अन्तिम चरणमा केन्द्रीय बालकल्याण समितिले जिल्ला बालकल्याण समितिहरु मार्फत १४ जिल्लाका ३३ स्थानीय सरकारहरुमा सम्बन्धित पालिकाहरुमा बालसंरक्षणका सवालहरु, बालसंरक्षणको अवस्था, घटना व्यवस्थापन प्रकृया तथा यसको महत्व र बालअधिकारमा आधारित स्थानीय तहको योजना तर्जुमा प्रकृयामा अभिमूखीकरण गरेको थियो । नवनिर्वाचित जनप्रतिनिधिहरु लगायतको उपस्थितिमा गरिएको यस अभिमूखीकरणले स्थानीय सरकारहरुमा बालसंवेदनशीलता बढाउन र आफ्नो पालिकामा बालसंरक्षणका सवालहरुको विषयमा जानकार रहन सहयोग पुर्‍याएको थियो ।

### ९. क्षमता विकाससम्बन्धी गतिविधिहरू

आपत्कालीन कार्यक्रमलाई प्रभावकारी बनाउनका निमित्त केन्द्रीय बालकल्याण समितिद्वारा क्षमता विकाससम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गरियो । जसअन्तर्गत, केन्द्रमा घटना व्यवस्थापन प्रक्रियासम्बन्धि तालिम, जिल्लामा सोही प्रकृतिको तालिम, घटना व्यवस्थापनको सन्दर्भमा जिल्ला बालकल्याण समितिको बैठक, सरोकारवालाहरूसँगको समन्वय बैठक, सेवा नक्सांकन, सिफारिस प्रणालीसम्बन्धी बैठक, सहकर्मी समूह छलफल (पि टु पी) आदिजस्ता क्रियाकलापहरू सञ्चालन गरिएको थियो ।

**कार्यक्रम तथा गतिविधि सञ्चालनका चुनौतीहरू**

- भौगोलिक विकटताको कारण तोकिएको समय र स्थानमा पुग्न कठिन ।
- तथ्याङ्क संकलनको क्रममा भूकम्पका कारण बालबालिकाले जिल्ला छोडेर अन्यत्र गएकोले सम्पूर्ण बालबालिका नसमेटिएकोले सहयोग वितरणको क्रममा कठिनाई ।
- तथ्याङ्क संकलनमा दर्ता गरिएको नाम र वास्तविक नाम फरक पर्ने भएकोले सहयोग वितरणमा ढिलाइ ।
- सम्पूर्ण गा.वि.स.हरूमा गाऊँ बालसंरक्षण समिति सक्रिय नभएको कारणले सञ्चार र समन्वयमा एकरूपता नभएको ।

**समग्र आपत्कालीन गतिविधिहरूबाट प्राप्त सिकाईहरू**

- सानो आर्थिक सहयोगले पनि बालबालिकालाई आपत्कालीन र शिक्षामा सहयोग हुने ।
- गाऊँ -गाऊँमा तथ्याङ्क संकलन गर्दा विद्यालय, गाऊँ बालसंरक्षण समिति, वडा नागरिक मञ्च तथा गाऊँ विकास समितिसंग समन्वय गर्दा बालबालिकाको सहि पहिचान तथा बालबालिका छुट्ने समस्यामा कमि आउने ।
- विद्यालयका शिक्षकहरू, गा.वि.स. सचिवहरू, वडा नागरिक मञ्चका अध्यक्ष तथा सदस्यहरू, गाऊँ बालसंरक्षण समितिका पदाधिकारीहरू र गाऊँका बुद्धिजीविबर्ग र विभिन्न संस्थाका सामाजिक परिचालकहरूको सम्पर्क नम्बरहरू एकीकृत गरी राख्नाले भनेको समयमा सञ्चार गर्न सहज हुने ।

**उपसंहार**

२०७२ सालको विनाशकारी भुकम्पको असर प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा अधिकांश बालबालिकामा पर्न गयो । भुकम्पपछि सिर्जित अवस्थामा बालबालिकाका संरक्षणका संयन्त्रहरु कमजोर हुन पुगे । विपद्का कारण बालबालिकाको जोखिम र नाजुक परिस्थितिको फाइदा उठाएर उनीहरुलाई विभिन्न प्रलोभनमा पारेर आफ्नो अभिभावक, परिवार र समाजबाट अनाधिकृत रूपमा अलग्याउने, बिना रेकर्ड स्थानान्तरण गर्ने र विभिन्न प्रयोजनका लागि ओसारपसार गर्ने जस्ता कार्यलाई नियन्त्रण गर्नु आवश्यक देखियो । अतः विपद्पछिको अवस्थामा बालबालिकालाई संरक्षण गर्न केन्द्रीय बालकल्याण समितिको सक्रियता र संयोजन तथा नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसँगको समन्वयमा केही नीतिगत निर्णय गर्दे निर्देशिका समेत जारी गरियो । यसका साथै सरकारी तथा गैरसरकारी संघसंस्थासँगको सहकार्यमा बालसंरक्षण सम्बन्धी गितिविधिहरू सञ्चालन भए । यिनै क्रियाशिलताहरू मार्फत बालबालिकाको अनाधिकृत ओसारपसारलाई नियन्त्रण गर्न केन्द्रीय बालकल्याण समिति सफल भयो । केन्द्रीय बालकल्याण समितिद्धारा जारी सूचना, परिपत्र, आग्रह, सचेतना सञ्चार एवम्

सहकार्यबाट विभिन्न स्थानमा चेकपोष्टहरू निर्माण भए । धेरै बालबालिकाहरूलाई ओसारपसार हुनबाट रोकियो । उनीहरूलाई उद्दार गरी अधिकांशलाई पारिवारमा पुनःस्थापना गरियो ।

विपदका हरेक चरण जस्तै उद्धार, उपचार, राहत, संरक्षण, पुनःस्थापना तथा पुनःनिर्माणमा बालकेन्द्रित कार्यलाई प्राथमिकतामा राखि केन्द्रीय बालकल्याण समितिबाट काम कारवाहीहरू सम्पन्न भए । केन्द्रीय बालकल्याण समितिले आपत्कालीन कार्यक्रममार्फत नेपालको सबै बालअधिकार संरक्षणका प्रयासहरूलाई मार्गदर्शन प्रदान गर्नुका साथै जोखिममा रहेका बालबालिकाको सूचना संकलन, प्राथमिकीकरण र बालबालिकालाई आपत्कालीन तथा शैक्षिक सहयोग प्रदान गर्नेजस्ता कार्यबाट समुदायमा राज्यको उपस्थिति महशुस गराउन सफल भएको छ । विनाशकारी भूकम्प पश्चात् बालबालिकाप्रति संवेदनशील रहन तथा बालसंरक्षणसम्बन्धी घटनामा सचेत रहन केन्द्रीय बालकल्याण समितिले सञ्चारका विभिन्न माध्यमबाट गरेको सूचना प्रवाह अत्यन्त सान्दर्भिक र नतिजामूखी थियो । यसकासाथै समुदाय तथा संस्थागत प्रणालीको सुदृढीकरणमा कार्यक्रम कार्यान्वयनले पारेको सकारात्मक असरबाट केन्द्रीय बालकल्याण समिति, समुदाय तथा विभिन्न निकायको प्रशंसापात्र बनेको छ ।

भुकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिद्वारा भए गरेका बालसंरक्षण सम्बन्धी पहलहरूका राम्रा पक्षहरूमध्ये समितिको सक्रियता, विभिन्न मन्त्रालय, विभाग, अन्य सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्य र सो मार्फत बालसंरक्षण कार्यको सम्बोधन जस्ता कार्यहरू उल्लेखनीय रहन गयो । भूकम्प वा अन्यकारणले जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान गरी आपत्कालीन अवस्थामा शैक्षिक एवम् पारिवारिक संरक्षण स्वरूप राहत सहयोग दिएपश्चात् दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घटना व्यवस्थापन सहयोग समेत प्रदान गरिएको थियो । यो कार्यक्रम मार्फत बालसंरक्षण प्रणालीको सुदृढीकरण गर्ने प्रयास गरियो । यद्दपि बालबालिकाको जिविका, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत अधिकारहरूको सवाल भने अझैपनि ओझेलमा परेको महशुस भएको छ । यसका अतिरिक्त बालबालिकाहरू अझैपनि ओसारपसार, बालश्रम, बालविवाह आदिजस्ता जोखिम अवस्थामा देखिन्छन् । त्यसैगरी गरिबीमा रहेका समुदायहरूमा अत्यावश्यक सामग्री र सेवाको अभाव, शिक्षाको निरन्तरतामा बाधा पुग्ने भएकाले आवास, शिक्षा तथा अन्य सहयोगका नाममा बालबालिकालाई परिवारबाट अलग्याउने जस्ता चुनौती देखिएका छन् ।

यसर्थ बालबालिकालाई आवश्यक सूचना तथा जानकारी निरन्तर रूपमा प्रवाह गरिराख्नु पर्ने तर्फ सबैले ध्यानदिनुपर्ने हुन्छ । वयस्कहरूलाई पनि बालसंरक्षणसम्बन्धी सूचना तथा जानकारी प्रदान गर्दै बालकेन्द्रित सेवा र विशेष आवश्यकताबारे संवेदनशीलता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । विपद्मा बालसंरक्षणका असल अभ्यासहरूको खोजीले आगामी प्रयासहरूलाई थप मद्दत पुऱ्याउने हुनाले यस सम्बन्धी ध्यान दिनुपनि उत्तिकै जरूरी छ ।

# हार्दिक धन्यवाद ।

भूकम्पपश्चात बालबालिकालाई विभिन्न संकट वा समस्याबाट राहत प्रदान गर्न र सम्भावित विभिन्न किसिमका शोषण तथा हिंसाबाट संरक्षण गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले केही नीतिगत निर्णयका साथै आवश्यक निर्देशिकाहरू जारी गरी जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिमा परिपत्र गरेको थियो । विपद्‌पछिको अवस्थामा बालबालिकालाई परिवारबाट अलग्याउँदा आइपर्न सक्ने थप जोखिमलाई न्यूनीकरण गर्दै जोखिम परिस्थितिका बालबालिकालाई संरक्षण गर्न भूकम्पपश्चात तत्कालै अस्थाई बासस्थानहरुमा बालसंरक्षणका सन्दर्भमा आईपर्न सक्ने जोखिमहरुका बारेमा सबैलाई सचेत गर्न सार्वजनिक सूचना प्रवाह गर्नुका साथै बालकेन्द्रीत राहतका साथसाथै बालसंरक्षणका विषयमा पनि सर्तकता अपनाइएको थियो । साथै, केन्द्रीय बालकल्याण समितिले तत्काल संरक्षण कार्य संचालनका लागि निर्माण गरेको दिग्दर्शन, २०७२ ले कसैले बाबुआमा, अविभावक वा संरक्षकबाट बिछोडिएका वा अभिभावक विहीन भएका बालबालिका फेला पारेमा वा त्यस्ता बालबालिकाका बारेमा कतैबाट सूचना पाएमा चरणवद्ध रुपमा गर्नुपर्ने कार्यहरु उल्लेख गरेको थियो । यसै अनुरुप भूकम्पले बढी प्रभाव भएका १४ जिल्लाहरुका बालबालिकालाई सहयोग पुऱ्याउन युनिसेफको समेत आर्थिक तथा प्राविधिक सहयोगमा बालसंरक्षण सम्बन्धी आपत्कालीन कार्यक्रम २०७४ पौष १६ गतेसम्म सञ्चालन गरिएको थियो ।

बालसंरक्षणका विषयहरु विशेष गरी विपद्‌मा बालसंरक्षणलाई उचित सम्बोधनका लागि यस कार्यक्रमले उल्लेखनीय सहयोग पुऱ्याएको छ । १४ जिल्लामा करिब ४७ हजार बालबालिकाको तथ्याङ्क संकलन, व्यवस्थापन र प्राथमिकीकरण गरी जिल्ला बालकल्याण समितिमार्फत १५ हजार ३४ बालबालिकालाई आपत्‌कालीन बालसंरक्षण सहयोग प्रदान गरिएको थियो । हाल उक्त तथ्याङ्क स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ । यसबाट आगामी दिनमा स्थानीय सरकारले बालबालिका लक्षित योजना तथा कार्यक्रम निर्माण र बालसंरक्षण कार्यका लागि सहयोग पुग्ने विश्वास समेत केन्द्रीय बालकल्याण समितिले गरेको छ । परियोजना अवधिभरमा भएको समुदायस्तरसम्मको समन्वय तथा सञ्चारको अवस्था साथै स्थानीय सरकारदेखि समुदायस्तरसम्ममा बालसंवेदनशीलता अझै बढ्ने अपेक्षा समेत यस समितिले राखेको छ ।

बालसंरक्षणसम्बन्धी आपत्कालीन कार्यक्रमको कार्यन्वयन चरण देखि अन्त्यसम्ममा निरन्तर प्राविधिक तथा आर्थिक सहयोग गर्ने युनिसेफ नेपाललाई हार्दिक धन्यबाद सहित आगामी दिनमा बालसंरक्षणका सवालहरु सम्बोधनका लागि यो साझेदारी अझ प्रभावकारी हुने विश्वास गरिएको छ । आपत्कालीन कार्यक्रमलाई सफलतापूर्वर्वक सम्पन्न गर्न शुरुवाती चरण देखि लाग्नु हुने यस समितिका तत्कालीन अध्यक्ष श्री डिल्लिराम गिरी, कार्यकारी निर्देशक तारक धिताल लगायत समितिका पदाधिकारी एवम् कर्मचारीहरुको क्रियाशिलता सह्रानीय रहन गयो । भूकम्प पश्चात् तत्कालै नीतिगत निर्णयहरुका साथै उद्दार, राहत, संरक्षण, पुर्नस्थापना लगायतका कार्यमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्रियाशीलता सह्रानीय रहन

गयो भने सो आपतकालिन अवस्थाको प्रारम्भिक चरण देखि नै सक्रिय श्रीमान् सचिव धन बहादुर तामाङ्ग, सह-सचिव राधिका अर्याल, उप-सचिव किरण रुपाखेती, अधिकृत सुशिला पौडेल धन्यवादका पात्र हुनुहुन्छ। यसै गरी साझेदार संस्था यूनिसेफका मुनीर मम्माजादे तथा इभान राई लगायतको भूमिका पनि स्मरणीय छ। यस प्रतिवेदन तयारीका क्रममा सूचना तथा जानकारी संकलन, व्यवस्थापन तथा प्रतिवेदनको प्रारम्भिक ढाँचा तयारी कार्यमा खट्नुहुने यस समितिका राष्ट्रिय कार्यक्रम सल्लाहकार श्री ज्ञानेन्द्र कुमार श्रेष्ठ, कार्यक्रम व्यवस्थापक श्री नमुना भुसाल, परियोजना संयोजक श्री आत्माराम थापा, अधिकृत श्री रामबहादुर चन्द, लेखा प्रमुख श्री राजु बराल, लेखा अधिकृत श्री प्रतिमा नेपाल, परियोजना अधिकृत श्री केशब चालिसे, बालसंरक्षण अधिकृत श्री सुनिता शाह, कार्यक्रम सहायकहरु श्री देवि प्रसाद डोटेल, श्री लोचन रेग्मी, मिना के.सी., सृजना खड्का, धिरज प्रसाई, मुक्ति नारायण श्रेष्ठ, पुजा अर्याल, चित्र बहादुर पौडेल, १४ जिल्लाका सूचना व्यवस्थापन अधिकृतहरु तथा बालअधिकार स्रोतव्यक्तिहरुका साथै जिल्लाका बालकल्याण अधिकारीहरु एवम् महिला तथा बालबालिका कार्यालयका कर्मचारीहरु र यस प्रतिवेदनलाई अन्तिम रुप दिनुहुने श्री शुभेन्द्रमान श्रेष्ठ लगायत यस कार्यमा सघाउनुहुने सबै प्रति हार्दिक धन्यबाद !

**अनुसूचि १ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट पहिलो तीन महिनाभित्र गरिएका मूख्य समन्वय तथा सञ्चारसम्बन्धीको सूचि**

| मिति | समन्वय तथा सञ्चारसम्बन्धी विषय |
|---|---|
| २०७२/०१/१३ | विपदमा संयमित बनौं, बालबालिकाको संरक्षणमा ध्यान दिउँ शिर्षकमा प्रेस विज्ञप्ति |
| २०७२/०१/१८ | विपदको बेला बालबालिकाको संरक्षणलाई विशेष ध्यान दिन अनुरोध शिर्षकमा प्रेस विज्ञप्ति । |
| २०७२/०१/२० | विपद्को बेला अभिभावकबाट विछोडिएका बालबालिकाको ओसारपसारप्रति सचेत रहन, बालबालिका यात्रा गर्नुपूर्व राम्ररी जाचबुझ गर्न तथा केबाकस एवम् प्रहरीसँग समन्वय गर्न अनुरोध गर्दै वायुसेवा सञ्चालकलाई पत्र । |
| २०७२/०१/२५ | बालबालिका राख्ने सबै बालगृह, संघसंस्था तथा विद्यालयलगायतलाई विपद्मा बालबालिकाको संरक्षण सम्बन्धी सूचना । सो कुरा सम्प्रेषित गर्नका लागि सबै सरोकारवाला एवम् जिबाकसहरूलाई पत्र । |
| २०७२/०१/२८ | विपद्मा बालबालिकाको संरक्षणसम्बन्धी सूचना सम्बन्धित निकायहरूमा आवश्यक जानकारी गराईदिन तथा सहयोग पुऱ्याउनका निमित्त प्रहरी प्रधान कार्यालयलाई पत्र । |
| २०७२/०१/३१ | अर्को सूचना नभएसम्मका लागि निम्नानुसार गर्नु गराउने सम्बन्धमा गृह मन्त्रालय तथा केन्द्रीय बालकल्याण समितिलाई महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको (मिति २०७२/०१/२७ निर्णय अनुसार) निर्देशन पत्र ।<br>१. नयाँ बालगृह संचालनका लागि अनुमति प्रदान नगर्ने व्यवस्था मिलाउने ।<br>२. जिल्ला बालकल्याण समितिको अनुमति विना बालबालिका स्थानान्तरण नगर्ने र स्थानान्तरण गर्नैपर्ने अवस्था आएमा जिल्ला बालकल्याण समितिले उचित लेखाजोखा गरेर मात्र बालबालिका स्थानान्तरण गर्न अनुमति दिने ।<br>३. आवश्यक प्रक्रिया पुरा नगरी बालगृह स्थापना गरी संचालन भए/नभएको सम्बन्धमा जिल्ला बालकल्याण समितिले प्रभावकारी रूपमा अनुगमन गर्ने । |
| २०७२/०२/०३ | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको मिति २०७२/०१/२७ निर्णय अनुसार) गर्नु गराउन सबै जिल्ला बालकल्याण समितिहरूलाई परिपत्र । |
| २०७२/०२/०८ | व्यवस्थापिका संसद महिला, बालबालिका, जेष्ठ नागरिक र समाजकल्याण समितिको मिति २०७२/०२/०१ को निर्णयअनुरूप देहाय बमोजिमको निर्देशन कार्यान्वियनका लागि सबै जिल्ला बालकल्याण समितिहरूलाई पत्र ।<br>१. भूकम्पको कारण विपद्मा परेका गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठनागरिक अपाङ्गता भएका र असहाय व्यक्तिहरूको लागि जिल्लागत तथ्याङ्क संकलन गरी विशेष व्यवस्थापन गर्ने, पीडित समुदायलाई विशेष परिस्थितिको कारण सिर्जित मनोवैज्ञानिक समस्यालाई समाधान गर्न समुदायमानै मनोसामाविक परामर्श दिने व्यवस्था मिलाउने,<br>२. भूकम्पका कारण विस्थापित महिला तथा बालबालिकाको संरक्षणको विशेष व्यवस्था मिलाउने । संरक्षणको नाममा हुनसक्ने दुरूपयोगलाई कडाईका साथ रोक्ने व्यवस्था मिलाउने,<br>३. भूकम्प जानु अगाडि काजमा कार्यरत कर्मचारीहरूलाई तत्काल दरबन्दी रहेको स्थानमा नै फिर्ता गर्ने व्यवस्था मिलाउने । |
| २०७२/०२/०८ | आ-आफ्नो जिल्लामा तथ्याङ्क संकलन गर्दा अपाङ्गता भएका बालबालिकाको विवरण, घाइते तथा मृत्यु भएको भए सोको जानकारी, कुनै दुर्व्यवहारका घटनामा परेका भए सोको जानकारी तथा तत्कालै राहत दिनुपर्ने भए प्राथमिकता दिई सोही अनुरूप गर्नु गराउनु हुन साथै सोको यथार्थ जानकारी तथा विवरण यस समितिमा पठाउनका लागि काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, गोरखा, धादिङ्ग, नुवाकोट, रसुवा, मकवानपुर, ओखलढुङ्गा, लमजुङ्ग, कास्की, तनहुँ र सिन्धुलीका जिल्ला बालकल्याण समितिलाई परिपत्र । |
| २०७२/०२/११ | अवैधानिक रूपमा बालबालिका जम्मा गरी काठमाडौं ल्याउने प्रक्रियामा संलग्नहुनेहरू लगायतलाई आवश्यक सोधपुछ, अनुसन्धान तथा कानूनी कारवाही सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धादिङ्गलाई पत्र । |
| २०७२/०२/१९ | थप जानकारी सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धादिङ्गलाई पत्र । |
| २०७२/०२/२४ | अनाथ बालबालिकालाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने कार्य निलम्बन गरिएको बारेको (संशोधित) सूचना । |

## अनुसूचि २ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट जारी भएका महत्वपूर्ण प्रेस विज्ञप्तिहरू

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

**Central Child Welfare Board-CCWB**

हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति २०७२/०१/१३

**प्रेस विज्ञप्ती**

**विपदमा संयमित बनौं, बालबालिकाको संरक्षणमा ध्यान दिऔं**

यही बैशाख १२ गते आएको ठूलो भुकम्पबाट भएको धनजनको क्षतिले हामी सबैलाई स्तब्ध बनाएको छ। यस विपदको घडीमा सबैलाई धैर्य धारण गर्दै उद्दार सहयोगमा जुट्न हार्दिक अनुरोध गर्दछौं। यस्ता विपदमा हुनजाने क्षतिबाट बालबालिका अझ बढी प्रभावित हुनसक्ने भएकाले बालबालिकाको संरक्षणलाई प्राथमिकतामा राख्न पनि सबैलाई आह्वान गर्दछौं। आपत्कालिन अवस्थामा बालबालिकाको उद्दार संरक्षणको लागि बाल हेल्पलाईन निशुल्क टेलिफोन नं. दश नौ आठ (१०९८) र बालबालिका खोजतलास समन्वय केन्द्रको निशुल्क फोन नं १०४ मा खबर गरी आवश्यक सहयोग प्राप्त गर्न सकिने व्यहोरा सबैलाई सूचित गर्दछौं। यस दुखद् घडीमा उद्दार, सहयोगका लागि विशेष सक्रियता अपनाउन सबै जिल्ला बालकल्याण समिति लगायत बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसस्थाहरुलाई हार्दिक आह्वान गर्दछौं। भुकम्पको क्षतिका कारण पानी खाद्यान्न लगायतको आपूर्तिमा संकट हुनसक्ने भएकाले उपलब्ध रहेका पानी लगायतको अनावश्यक खर्च नगरी उचित सदुपयोग गर्न तथा आपत्कालिन बासस्थानहरुमा सरसफाई लगायत बालबालिकाका लागि सहज तथा सुरक्षित बनाउने तर्फपनि सबैको विशेष ध्यानाकर्षण गराउन चाहन्छौं। हालसम्म उद्दार तथा घाइतेहरुको उपचारका निमित्त सहयोग गरिरहनु हुने सबै व्यक्ति संस्था निकाय प्रति आभार व्यक्त गर्दछौं।

यस दुखद् घडीमा दिवंगत हुनुहने सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं। यस विपदको क्रममा हुनसक्ने थप क्षतिबाट जोगिनका लागि धैर्यधारण गरी आवश्यक सावधानी अपनाउन सबैलाई अनुरोध गर्दछौं।

तारक [illegible]
कार्यकारी निर्देशक

फोन नं : ५०१००४२, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np

## अनुसूचि ३ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट जारी भएका महत्वपूर्ण सूचना तथा पर्चाहरू

# विपदमा बालबालिकाको संरक्षण

भूकम्पको विपदको मौका पारेर अस्थायी बसोबास लगायतको अवस्थामा बालबालिकालाई यौन दूर्व्यवहार भएका सूचना प्राप्त भएकाले बालबालिका खासगरी बालिकाहरुलाई अभिभावकहरुले आफ्नो निगरानीमा नै राख्न अनुरोध गर्दछौं । यस असहज अवस्थामा बाबुआमा तथा अभिभावकलाई निम्न कुरामा सचेत र सतर्क रहन आह्वान गर्दछौं:

- बालबालिकालाई एक्लै नछाड्ने, अस्थायी बासस्थानमा सधैं आफ्नो समूहमा बस्ने,
- राहत पाउने लोभमा वा अन्य बहानामा अपरिचित व्यक्तिसंग बालबालिकालाई एक्लै कतै नपठाउने, उनीहरुका साथमा नराख्ने,
- छोटोसमयको चिनजानका मान्छेलाई अधिक विश्वास गरी बालबालिकाको जिम्मा नदिने,
- राती बालबालिकालाई आफूसँगै कोठा वा टेन्टमा राख्ने,
- अपरिचित र शंकास्पद व्यक्तिमाथि नजर राखी प्रहरीलाई खबर गर्ने

बालबालिकाको आपतकालिन उद्दार सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने **फोन नं १०९८ (दश नौ आठ)** र बालबालिका खोजतलास समन्वय केन्द्रको **फोन नं १०४** मा सम्पर्क गरौं।

# विपदमा बाबुआमा गुमाएका बालबालिकाको संरक्षण

भूकम्पका कारण बाबुआमा गुमाएका तथा अभिभावकबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि सम्बन्धित जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा सम्पर्क गर्न सबैलाई अनुरोध छ । बालबालिकाको आपतकालिन उद्धार, सहयोगका लागि बाल हेल्पलाइनको पैसा नलाग्ने **फोन नं १०९८ (दश नौ आठ)** र बालबालिका खोजतलास समन्वय **केन्द्रको फोन नं १०४** मा सम्पर्क गर्न सकिनेछ । यस विपदमा अभिभावक विहिन बालबालिकाको उद्दार गरी संरक्षणका लागि जिल्लाबाट अन्यत्र लानै पर्ने अवस्था आईपरेमा जिल्ला तथा केन्द्रीय बालकल्याण समितिसंग अनिवार्य समन्वय गर्न सबैलाई सूचित गरिन्छ । विपदको बेलामा गलत ढंगले बालबालिकाको ओसार पसार हुन सक्ने संभावना रहने हुँदा सबैलाई सतर्क रहन र बालबालिकाको उचित अभिलेख राख्न समेत अनुरोध छ ।

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, ललितपुर, **फोन नं ५०१००४५/४६,** इमेल: contact@ccwb.gov.np

## बालबालिकाको संरक्षण सम्बन्धी सूचना

बालबालिकालाई आफ्नै परिवार, नातागोतासंग समुदायमा नै सुरक्षित राखौं । यस विपद्को बेलामा भूकम्पका कारण बाबुआमा गुमाएका तथा अभिभावकबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि भनेर कतिपय संस्था वा व्यक्तिले बालबालिका तथा परिवारको उचित लेखाजोखा बिना, गलत सूचना दिई वा प्रलोभनमा पारेर तथा अधिकार प्राप्त निकायको सिफारिस बिना गलत ढंगले बालबालिकाको ओसारपसार गर्नसक्ने र बालबालिकाहरु अझ बढी जोखिम तथा दुर्व्यवहारमा समेत पर्ने संभावना रहन्छ । त्यसैले आफ्नो गाउँ, जिल्लाबाट बालबालिकालाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिको सिफारिस बिना कतै नपठाउन तथा संघसंस्थाले अन्यत्र नलैजान सबैलाई सूचित गरिन्छ । यस्ता कार्यको नियन्त्रणका लागि उचित प्रक्रिया अपनाउन सबै जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिलाई पनि यसै सूचनाबाट अनुरोध गरिन्छ ।

**नेपाल सरकार**
**महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय**
**र**
**केन्द्रीय बालकल्याण समिति**

नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय केन्द्रीय बालकल्याण समिति हरिहरभवन, ललितपुर

[redacted]

---

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
# अन्तरदेशिय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति
२०६७

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. :४२००१४०, ४२००३२८
फ्याक्स : ४२००११६

प.स. 069/62
च.नं. 68

मिति:२०७२।०२।२४

**अनाथ बालबालिकालाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने कार्य निलम्बन गरिएको बारेको (संशोधित) सूचना ।**

नेपालमा २०७२।०१।१२ मा गएको विनाशकारी भूकम्पलाई ध्यानमा राखी अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ को दफा ४ (ट) मा व्यवस्था भए बमोजिम धर्मपुत्र, धर्मपुत्री लिंदा वा दिंदा हुन सक्ने बाल दुर्व्यवहार, शोषण, ओसारपसार वा अपहरण, बेचबिखन र बालबालिका माथि हुन सक्ने अन्य कुनै गतिविधिबाट नेपाली बालबालिकालाई संरक्षण गर्ने व्यवस्थाका लागि नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त र प्रक्रिया, २०६५ को दफा ४ बमोजिमका अनाथ बालबालिकालाई मिति ०७२ साल बैशाख १२ गते पछि बाल गृहमा भर्ना गरिएको मितिले तीन महिनासम्म कुनै पनि विदेशी नागरिकलाई त्यस्ता अनाथ बालबालिकालाई परिवार छनौट (Matching) नगर्ने तथा त्यस्ता बालबालिका धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नको लागि अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री विकास समितिबाट मन्त्रालयमा सिफारिस नगर्ने गरी तीन महिनाका लागि निलम्बन गर्ने गरी नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७२।०२।०५ को निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## अनुसूचि ४ : विनाशकारी भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिबाट जारी भएका मूख्य मूख्य पत्र/परिपत्रहरू

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

**Central Child Welfare Board-CCWB**

...ललितपुर

पत्र संख्या : 071/72

चलानी नं. : 1061

मिति...........................

3rd May 2015

Dear Airline Operators,

We would like to bring your attention to the fact that children orphaned and separated from their parents face higher risk of being trafficked both internally and internationally during humanitarian emergencies such as earthquakes, floods etc. In this regards, we would like to request for your outmost vigilance and cooperation to prevent child trafficking in the aftermath of humanitarian crisis created by the recent earthquake in Nepal.

In particular, we would like to request all the airline operators to:

- thoroughly check and verify all the required travel documents before issuing airline tickets and boarding pass to under-aged children of Nepali origin traveling
- ensure that the legal documents are produced for any child travelling alone or with adults other than their parents
- inform the nearest police post/personnel and/or contact the following numbers if the child is suspected to be at risk of trafficking.
  - Ministry of Women Children and Social Welfare: 4200337
  - Central Child Welfare Board: 5010045/46
  - Department of Women and Children: 5526779
  - National Center for Children at Risk: 104 (toll free)
  - Child Helpline: 1098 (toll free)
  - Nepal Police: 100
  - Unicef: 5525712

We would like to extend our sincere appreciation for your cooperation in advance.

Sincerely Yours

(Tarak Dhital)
Executive Director

To
All Airline Operators in Nepal
cc: Ministry of Women Children and Social Welfare

1

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

**बालबालिका राख्ने**

**सम्पूर्ण बालगृह, संघ संस्था तथा विद्यालयहरु लगायतलाई सूचना !**

विपद्को बेलामा भूकम्पका कारण बाबुआमा गुमाएका तथा अभिभावकबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षण गर्नु सबैको दायित्व हो । तर यस्तो विपद्को समयमा कतिपय संस्था वा व्यक्तिले बालबालिका तथा परिवारको उचित लेखाजोखा बिना, गलत सूचना दिई वा प्रलोभनमा पारेर तथा अधिकार प्राप्त निकायको सिफारिस बिना गलत ढंगले बालबालिकाको ओसारपसार गर्नसक्ने र बालबालिकाहरु अझ बढी जोखिम तथा दुर्व्यवहारमा समेत पर्ने संभावना रहन्छ । त्यसैले कुनै पनि बालगृह लगायत संघसंस्था विद्यालय आदिले विभिन्न गाउँ, जिल्लाबाट बालबालिकालाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिको सिफारिस बिना अन्यत्र नलैजान सबैलाई सूचित गरिन्छ । कुनै संस्थाले विपद् पीडित बालबालिकालाई ल्याई संरक्षण दिएको भए सोको जानकारी सहित पूर्ण विवरण तुरुन्तै केन्द्रीय बालकल्याण समितिमा पेश गर्नु हुन सबैलाई सूचित गरिन्छ । साथै बालगृह लगायत संघसंस्थामा साबिक रहिरहेका बालबालिकालाई विपद्को क्षतिका कारणले बसिरहेको स्थानबाट अन्त कतै स्थानान्तरण गरिएको छ भने सोको पूर्ण विवरण सहितको जानकारी सम्बन्धित जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिमा तुरुन्तै पेश गर्नु हुन पनि सबैलाई सूचित गरिन्छ ।

**नेपाल सरकार**
**महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय**
**केन्द्रीय बालकल्याण समिति**

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या : ०७१/७२
चलानी नं. : ११५०

मिति २०७२/०२/०३

श्री जिल्ला बालकल्याण समिति
सबै ।

**विषयः– परिपत्र संम्बन्धमा ।**

उपरोक्त विषयमा मिति २०७२ बैशाख १२ गते तथा त्यसपछिको भुकम्पका कारण भएको जनधनको क्षतिबाट संरक्षकत्व बिहिन हुनपुगेका बालबालिकाको संरक्षण, तत्काल उद्धार तथा राहत उपलब्ध गराउने संदर्भमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०७२/१/२७ गतेको निर्णय अनुसार तपसिल बमोजिमको कार्य गर्न गराउन मिति २०७२/१/३१ गतेको परिपत्र यसै पत्र साथ पठाईएको छ । अतः सोही अनुसार गर्नु गराउनु हुन सबै बालकल्याण समितिहरुलाई आदेशानुसार अनुरोध छ ।

**तपसिल**

१. नयां बालगृह संचालनका लागि अनुमति प्रदान नगर्ने व्यवस्था मिलाउने ।
२. जिल्ला बालकल्याण समितिको अनुमति बिना बालबालिका स्थानान्तरण नगर्ने र स्थानान्तरण गर्नै पर्ने अवस्था आएमा जिल्ला बालकल्याण समितिले उचित लेखाजोखा गरेर मात्र बालबालिका स्थानान्तरण गर्न अनुमति दिने ।
३. आवश्यक प्रक्रिया पुरा नगरि बालगृह स्थापना गरी सञ्चालन भए/नभएको सम्बन्धमा जिल्ला बालकल्याण समितिले प्रभावकारी रुपमा अनुगमन गर्ने ।

नमुना भुसाल
कार्यक्रम व्यवस्थापक

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या : ०७१/७२
चलानी नं. : १२९६

मिति २०७२/२/८

श्री जिल्ला बालकल्याण समिति
सबै।

**बिषयः– समितिको निर्देशन संम्बन्धमा ।**

उपरोक्त विषयमा व्यबस्थापिका संसद महिला, बालबालिका, जेष्ठ नागरिक र समाज कल्याण समितिको मिति २०७२।०२।०१ गते बसेको बैठकको निर्णय अनुरुप महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई दिईएको निर्देशनको कार्यान्वियन गर्नु गराउनु हुन सबै जिल्ला बालकल्याण समितिहरुलाई आदेशानुसार अनुरोध छ ।

समितिको निर्देशन

१. भुकम्पको कारण विपद्मा परेका गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठनागरिक अपाङ्गता भएका र असहाय व्यक्तिहरुको लागि जिल्लागत तथ्यांक संकलन गरी बिशेष व्यवस्थापन गर्ने, साथै पिडित समुदायलाई विशेष परिस्थितिको कारण सिर्जित मनोवैज्ञानिक समस्यालाई समाधान गर्न समुदायमानै मनोसामाजिक परामर्श दिने व्यवस्था मिलाउने,

२. भुकम्पका कारण विस्थापित महिला तथा बालबालिकाको संरक्षणको विशेष व्यवस्था मिलाउने । संरक्षणको नाममा हुनसक्ने दुरुपयोगलाई कडाईका साथ रोक्ने व्यवस्था मिलाउने,

३. भुकम्प जानु अगाडि काजमा कार्यरत कर्मचारीहरुलाई तत्काल दरवन्दी रहेको स्थानमा नै फिर्ता गर्ने व्यवस्था मिलाउने ।

नमुना भुसाल
कार्यक्रम व्यवस्थापक

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या : ०७१/७२ मिति २०७२/२/८

चलानी नं. : १२९६

श्री जिल्ला बालकल्याण समिति
काठमाण्डौ,भक्तपुर,ललितपुर,काभ्रे,सिन्धुपाल्चोक,दोलखा,रामेछाप,गोरखा,धादिङ्ग,नुवाकोट,रसुवा,मकवानपुर,
ओखलढुंगा,लमजुङ्ग,कास्की,तनहुं,सिन्धुली ।

**विषयः– परिपत्र सम्बन्धमा ।**

उपरोक्त विषयमा मिति २०७२ बैशाख १२ गते तथा त्यसपछिको भुकम्पका कारण अशक्त, असहाय बालबालिका र तिनका परिवारहरु बढी मात्रामा प्रभावित भएको अवगतै छ । यसै सन्दर्भमा भुकम्प प्रभावित क्षेत्रहरुमा अपाङ्गता भएका बालबालिका र तिनका परिवारलाई लक्षितगरी राहत, पुननिर्माण तथा पुर्नस्थापनाकालागि यस समिति तथा करुणा फाउन्डेशनसंगको सहकार्यमा आवश्यक कार्यहरु गर्ने सहमति भएकोले आ–आफनो जिल्लामा तथ्याङ्क संकलन गर्दा अपाङ्गता भएका बालबालिकाको विवरण, घाइते तथा मृत्यु भएको भए सोको जानकारी, कुनै दुर्व्यवहारका घटनामा परेका भए सोको जानकारी तथा तत्कालै राहत दिनुपर्ने भए प्राथमिकता दिई सोही अनुरुप गर्नु गराउनु हुन साथै सोको यथार्थ जानकारी तथा विवरण यस समितिमा पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

नमुना भुसाल
कार्यक्रम व्यवस्थापक

बोधार्थः
श्री करुणा फाउन्डेशन, बालुवाटार काठमाण्डौ ।

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

## अनुसूचि ५ : महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय तथा गृहमन्त्रालयबाट भएका सर्कुलरहरू

नेपाल सरकार

# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

(बालसंरक्षण तथा विकास शाखा)

पत्र संख्या ०७१।७२ बा.वि.
च.नं. २०१

केन्द्रीय बालकल्याण समिति
दर्ता नं. ...१४११...
मिति ०७२।१।२९

विषयः- परिपत्र गर्ने सम्बन्धमा

श्री गृह मन्त्रालय
सिंहदरवार ।

मिति २०७२/१/१२ गतेको भुकम्पका कारण भएको धनजनको क्षतिवाट कतिपय वालवालिकाहरु आमावाबु, परिवारजन, आफन्त गुमाई संरक्षकविहिन भएका छन् भने कतिपय वालवालिकाहरु परिवारवाट अलग भई विछोडिएका छन् । यस विषम परिस्थितिमा संरक्षकविहिन र परिवारवाट विछडिएका वालवालिकाको खोजी गर्ने, विभिन्न हिंसाजन्य जोखिमको परिस्थितिमा परेका वालवालिकाको उद्धार गर्ने, राहत उपलब्ध गराउने र आवश्यकतानुसार मनोविमर्श सेवा उपलब्ध गराई उनीहरुको अधिकारलाई सुनिश्चित गर्नुपर्ने अवस्था रहेको छ ।

विपद्को समयमा संरक्षकविहिन भएका वा परिवारवाट अलग भएका वालवालिकाहरुलाई संरक्षणमा राख्न धेरै व्यक्तिहरु ईच्छुक भएका र संरक्षणमा राख्ने नाममा सम्बन्धित निकायको स्वीकृति एवं जानकारी विनानै कतिपय वालवालिकाहरु ओसारपसार भैरहेका तथ्यहरु प्रकाशमा आएका छन् । यस्तो परिस्थितिमा वालवालिकालाई संस्थागत स्याहारमा वालगृहमा राख्ने नाममा उनीहरु परिवारवाट अलग रहने सम्भावनाका साथै बेचविखन लगायतका अन्य विभिन्न प्रकारका हिंसामा पर्ने अवस्था आउन सक्दछ ।

यस पृष्ठभूमिमा मन्त्रालयको मिति २०७२/१/२७ मा भएको निर्णयानुसार विपद्वाट प्रभावित वालवालिकाहरुको संरक्षणका लागि स्थानीयस्तरमा सरकारी तथा गैरसरकारी संस्थावाट हाल संचालन भैरहेका वालगृहहरुलाई अधिकतम् क्षमतामा संचालन गर्न जिल्ला वाल कल्याण समितिले समन्वयकारी भूमिका निवाह गर्ने र उक्त क्षमता पर्याप्त नभएमा जिल्ला वाल कल्याण समितिको अनुमति लिई स्थानीय स्तरमा अस्थायी वालगृह (Temporary Transit Home) संचालन गर्न गैर सरकारी संस्थालाई सहयोग र सहजीकरण गर्ने कार्यलाई प्रर्बद्धन गर्ने गरी अर्को सूचना नभए सम्मका लागि निम्नानुसार गर्नु गराउनु हुन सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

तपसिल

१. नयाँ वाल गृह संचालनका लागि अनुमति प्रदान नगर्ने व्यवस्था मिलाउने ।
२. जिल्ला वाल कल्याण समितिको अनुमति विना वालबालिका स्थानान्तरण नगर्ने र स्थानान्तरण गर्ने पर्ने अवस्था आएमा जिल्ला वाल कल्याण समितिले उचित लेखाजोखा गरेर मात्र वालवालिका स्थानान्तरण गर्न अनुमति दिने ।
३. आवश्यक प्रक्रिया पुरा नगरी वालगृह स्थापना गरी संचालन भए/ नभएको सम्बन्धमा जिल्ला वाल कल्याण समितिले प्रभावकारी रुपमा अनुगमन गर्ने ।

डा. किरण रुपाखेती
उपसचिव

बोधार्थ तथा कार्यार्थ
श्री महिला तथा वालवालिका विभाग
श्री केन्द्रीय वाल कल्याण समिति

सिंहदरबार, काठमाण्डौं, फोन नं. : ४२००३३७ फ्याक्स : ४२००११६, इमेल : nccht.nepal@gmail.com
Website : www.mowcsw.gov.np

पेज१, २०७२, वैशाख २५, गते नागरिक.

# पीडित बालबालिका अनधिकृत ओसारिँदै

## भूकम्प प्रभावित क्षेत्र धादिङबाट प्रक्रिया पूरा नगरी ४६ बालबालिका काठमाडौं ल्याउन खोज्दा लफडा

**प्रवीण ढकाल**

*काठमाडौं, वैशाख २४*

भूकम्प प्रभावित बालबालिका उद्धारका नाममा राजधानीको एक विद्यालयले कानुनी प्रक्रिया नै पूरा नगरी ४६ बालबालिकालाई काठमाडौं ल्याउँदै गरेको फेला परेको छ।

ललितपुर, नक्खुस्थित निर्मल सेकेन्डरी स्कुलले धादिङका दुई गाविसका बालबालिका सम्बन्धित निकायलाई जानकारीसमेत नदिई काठमाडौं ल्याउँदै गर्दा धादिङ जिल्ला बालकल्याण समितिले फेला पारेको हो।

उक्त विद्यालयले जिल्लाको भ्नार्लाङ गाविसका २० र री गाविसका २६ बालबालिकालाई उद्धारका नाममा प्रक्रियाविपरीत काठमाडौं ल्याउन लागेको जानकारी पाएपछि समितिको टोलीले धादिङबेसी पुगेर उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

समितिको टोली पुगेपछि विद्यालयकी प्रिन्सिपल सिपोरा अधिकारी लामा र बालबालिका गाउँबाट ल्याउन सहयोग गरिरहेका एनिजर तामाङले आफूहरूले ती बालबालिकालाई जिल्ला बालकल्याण समितिमै लैजान लागेको दाबी गरेका थिए। विद्यालयकी प्रिन्सिपलले दुःखमा परेका बालबालिकालाई राम्रो नियतले नै लैजान लागेको बताएपछि समितिको टोलीले उनीहरूलाई प्रमुख जिल्ला अधिकारीसमक्ष पुऱ्याएको थियो।

प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बालबालिका लैजाने व्यक्ति र विद्यालयको पूर्ण विवरण लिई तत्कालका लागि उद्धारकर्तासँगै बालबालिका पठाउन निर्देशन दिएका थिए। लगत्तै टोलीले ती बालबालिकालाई काठमाडौं नै पठाएको थियो। समितिले प्रमुख जिल्ला अधिकारीको निर्देशनमा बालबालिका राजधानी पठाइएको विवरण केन्द्रीय बालकल्याण समितिलाई समेत गराएको छ।

केन्द्रीय बालकल्याण समितिले भने विपतको मौकामा विगतमा पनि बालबालिका तस्करी र बिक्रीलगायत कार्य भएकाले तत्काल नपठाउन भनेको थियो। तर, प्रमुख जिल्ला अधिकारीले नै तत्काललाई विवरण संकलन गर्ने र पछि कानुनी प्रक्रिया पूरा गरौंला भनेपछि जिल्ला समितिले विद्यालयको टोलीलाई बालबालिका जिम्मा लगाएको थियो।

जिल्ला समितिका बालअधिकार अधिकृत हरि उप्रेतीले विद्यालयले प्रक्रिया पूरा नगरे पनि प्रमुख जिल्ला अधिकारीले भनेअनुसार नै सबै विवरण संकलन गरी बालबालिकालाई काठमाडौं पठाइएको जानकारी दिए। 'सबै विवरण लिएर हामीले केन्द्रीय समितिलाई जानकारी गराइसकेका छौं,' उनले भने, 'अब केन्द्रीय समितिले त्यहाँको सबै अध्ययन-अनुसन्धान गर्नेछ।'

उनका अनुसार विद्यालयकी प्रिन्सिपल लामाले समितिको टोलीलाई भूकम्पमा परी समस्यामा परेका बालबालिकाको पीडा हेर्न नसकी विद्यालयले राम्रो नियत राखेर उद्धार गर्न लागेको बताएकी थिइन।



**विपतको मौका पारेर बालबालिकामाथि दुर्व्यवहारका सूचना आइरहेका छन्। यस्तो समयमा उनीहरूलाई एक्लै नछाडौं, अस्थायी वासस्थानमा सधैं समूहमै राखौं र राहत पाउने लोभ वा अन्य बहानामा अपरिचित व्यक्तिसँग नपठाऔं**

तारक धिताल, *कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति*

*बाँकी पृष्ठ ८*

*पृष्ठ १ बाट*

### पीडित...

'हामी सबै विवरण उपलब्ध गराउन तयार छौं। हाम्रो नियत खराब छैन। बालबालिकाको पीडा देखेर हाम्रो हृदय जलेर आएका हौं,' प्रिन्सिपल लामालाई उद्धृत गर्दै उप्रेतीले भने, 'हामी बच्चाहरूलाई खान, लगाउन र पढाउने व्यवस्था गर्नेछौं।'

नियमअनुसार आमाबाबु गुमाएका, नातेदार नभएका र छिमेकीले समेत संरक्षण गर्न तयार नभएका बालबालिकालाई गाविसको सिफारिसमा प्रहरी प्रमाणीकरणपछि मात्र संस्थाहरूले जिम्मा लिन पाउँछन्। उक्त विद्यालयले भने त्यस्तो कुनै पनि प्रक्रिया पूरा गरेको छैन। विद्यालयले ल्याएका भनिएका बालबालिकामध्ये धेरैका आफन्त तथा आमाबुबासमेत रहेको बताइएको छ। भूकम्पमा परी भ्नार्लाङमा ३९ र री गाविसमा ६५ जनाको ज्यान गुमेको छ। ज्यान गुमाउनेमध्ये एकाध बालबालिकाको मात्र अभिभावक परेको जनाइएको छ।

केन्द्रीय समितिका कार्यकारी निर्देशक तारक धितालले नियन्त्रणमा लिइएको उक्त विद्यालयको नियत सफा हुन सक्ला तर प्रक्रिया पूरा नगरेकाले शंका उत्पन्न भएको बताए।

'विपतको समयमा उहाँहरूले राम्रै नियतले बालबालिका ल्याएको हुन सक्छ,' उनले भने, 'तर कसैलाई पनि जानकारी नगराई ल्याउन लागेको फेला परेपछि केही शंका उत्पन्न भएको हो। अब उहाँहरू हाम्रो निगरानीमा आइसकेकाले यहाँ ल्याइएका ती बालबालिका सबै सुरक्षित नै हुनेछन्।' उनका अनुसार विपतका समयमा खराब नियत भएका मानिसले उद्धारका नाममा बालबालिका तस्करी गरेका विगतमा धेरै घटना भेटिएका छन्। 'यस्तो समयमा उद्धारका नाममा बालबालिका थप शोषणमा पर्ने खतरा बढ्न सक्छ,' उनले भने, 'त्यसकारण यस्तो समयमा हत्तपत्त कसैलाई विश्वास गरी बालबालिका जिम्मा लगाउनु हुँदैन।' उनले विपतका समयमा अभिभावक गुमाएका, परिवारबाट बिछोडिएका र अलपत्र बालबालिकाको उद्धार, संरक्षणका लागि सम्बन्धित जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा सम्पर्क गर्न आग्रह गरे।

धितालले विपतको मौका पारेर बाल यौनदुराचारीले बालबालिकालाई बलात्कार लगायत यौन दुर्व्यवहार गरेको सूचनासमेत आइरहेको बताए। 'विभिन्न स्थानबाट खराब नियत भएकाले दुर्व्यवहार गरेका खबर आइरहेका छन्,' उनले भने, 'त्यसकारण यस्तो समयमा आफन्तले बालबालिकालाई एक्लै नछाड्ने, अस्थायी वासस्थानमा सधैं समूहमा बस्न र राहत पाउने लोभ वा अन्य बहानामा अपरिचित व्यक्तिसँग बालबालिकालाई पठाउनु हुँदैन।' उनले अपरिचित र शंकास्पद व्यक्तिमाथि नजर राखी प्रहरीलाई खबर गर्न तथा बालबालिकाको आपतकालीन उद्धारका लागि बाल हेल्पलाइनको निःशुल्क फोन नम्बर १०९८ मा र बालबालिकाको खोजतलास समन्वय केन्द्रको नम्बर १०४ मा सम्पर्क गर्न आग्रह गरे।

पेज १, २०७२, जेठ १०, गते नागरिक,

# बालबालिका तस्करी प्रयास

## भारत लैजान दोलखाबाट राजधानी ल्याइएका १९ बालबालिकाको उद्धार

## २ भारतीय, ३ नेपाली पक्राउ

**केपी ढुंगाना**

*काठमाडौं, जेठ १*

भूकम्पपछि बालबालिका अभिभावकविहीन हुने क्रमसँगै अवैध बालतस्करीसमेत बढ्न थालेको छ। सरकारी निकायलाई पत्तै नदिई भूकम्प अति प्रभावित दोलखाबाट भारत, देहरादून लैजान राजधानी ल्याएर राखिएका १९ बालबालिकाको प्रहरीले उद्धार गरेको हो।

प्रहरीले बालबालिका अवैध ओसारपसारमा संलग्न अभियोगमा दुई भारतीयसहित पाँच जनालाई पक्राउ गरेको छ। देहरादूनस्थित 'पेस्तालोजी चिल्डेन भिलेज' नामक संस्थाले बिनाअनुमति दोलखाबाट उपत्यकामा ल्याएर राखेका ११ बालक र ८ बालिका काठमाडौं र ललितपुरमा फेला परेका हुन्।

बालबालिकासम्बन्धी ऐनअनुसार जिल्ला बालकल्याण समिति वा जिल्ला प्रशासन कार्यालयको अनुमतिमा मात्र एक जिल्लाका बालबालिका अर्को जिल्लामा लैजान पाइन्छ। पेस्तालोजीले भने समिति, जिल्ला प्रशासन, गाउँ विकास समिति र प्रहरीमध्ये कुनै पनि निकायमा जानकारी नदिई ती बालबालिकालाई काठमाडौं र ललितपुर ल्याएर राखेको थियो।

भारत लैजान ल्याइएका ११ बालक कोटेश्वरको एसओएस युवाग्राम र ८ बालिका ललितपुर, लुभुको मेरीवार्ड स्कुलमा भेटिएका थिए। दोलखाको लापिलाङ गाविसबाट बालबालिका ल्याएर राखिएको सूचना पाएपछि महानगरीय प्रहरी वृत्त, नयाँबानेश्वरले बुधबार उनीहरूको उद्धार गरी केन्द्रीय बालकल्याण समितिको जिम्मा लगाएको थियो।

पक्राउ परेकामा भारतीय लोप्साङ दावा र फुन्चोक टासी तथा बालबालिका खोज्न सघाउने स्थानीय पूर्ण धामी, किरण धामी र सुष्मा श्रेष्ठ छन्। अनुमति नलिएको पाइएपछि पक्राउ परेका सबैलाई बालबालिका अवैध ओसारपसार अभियोगमा हिरासत राखेर अनुसन्धान अगाडि बढाइएको वृत्तका प्रमुख दानबहादुर कार्कीले जानकारी दिए। प्रहरीका अनुसार भारत, खर्साङका लोप्साङ र फुन्चोक देहरादूनको संस्थाका प्रतिनिधि हुन् भने दोलखाका धामीद्वय र श्रेष्ठ सोही विद्यालयको छात्रवृत्तिमा देहरादूनमै पढिरहेका विद्यार्थी हुन्। उनीहरूले देहरादूनका प्रतिनिधिलाई दोलखा लगेर भूकम्प प्रभावित बालबालिका संकलन गरी काठमाडौं ल्याएको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जानकारी दिएको छ।

५ देखि ९ वर्ष उमेरका ती बालबालिकालाई केन्द्रीय बालकल्याण समितिले गोल्फुटारस्थित हिमाली नवीन समाजको संरक्षण गृहमा पठाएको छ। प्रहरीका अनुसार पक्राउ परेकाहरूले यसअघि पनि नेपाली बालबालिका छात्रवृत्तिमा भारत लगेर पठाउने गरेको र सोही कामका लागि नेपाल आएको प्रहरीलाई बयान दिएका छन्।

'हाम्रो संस्थाले नेपाल, भारत र चीनको तिब्बतबाट समेत आयस्रोत कमजोर भएका अभिभावकका बालबालिका ल्याएर छात्रवृत्तिमा पढाउने गरेको छ,' कार्कीले पक्राउ परेका भारतीयको बयान उद्धृत गर्दै नागरिकसँग भने, 'यसअघि पनि नेपालबाट १९ वटा समूह लगेका छौं।' एक समूहमा २० देखि २५ जनासम्म लैजाने गरिएको उनीहरूले जानकारी दिएको प्रहरी भनाइ छ। यसरी हेर्दा सोही जानकारीका आधारमा उक्त समूहले यसअघि नेपालबाट २ सयभन्दा बढी बालबालिका भारत लगिसकेका छन्।

उनीहरूले अभिभावकको अनुमतिमा बालबालिकालाई काठमाडौं ल्याएर राखेको र परीक्षा लिएर उत्तीर्ण भएकालाई देहरादूनमा पढाउने भन्दै आफूहरूले अवैध ओसारपसार नगरेको दाबी गरेका थिए। 'बालबालिका सम्बन्धी कानुनअनुसार सरकारी निकायको अनुमति नै नलिई एक जिल्लाबाट अर्को जिल्लामा लैजानु अवैध ओसारपसार हो,' कार्कीले नागरिकसँग भने, 'उनीहरूले अभिभावकसँग अनुमति लिएर बालबालिका ल्याए पनि बालकल्याण समिति वा अन्य सरकारी निकायलाई जानकारी नदिएकाले कारबाही प्रक्रिया बढाएका छौं।'

संरक्षण दिने नाममा भूकम्प प्रभावित क्षेत्रका बालबालिकाको अवैध ओसारपसार क्रम बढेको छ। शिक्षा र संरक्षण भन्दै नेपाली र भारतीय संस्थाका प्रतिनिधि प्रभावित क्षेत्र पुगेर सरकारी निकायलाई पत्तै नदिई बालबालिका ओसारपसारमा सक्रिय देखिएका छन्।

बाँकी पृष्ठ २

Dhung

## पहिलो पृष्ठको बाँकी

### बालबालिका....

दुई साताअघि ललितपुर, नक्खुको एक विद्यालयले बिनाअनुमति ४६ बालबालिकालाई ललितपुर ल्याउने क्रममा धादिङ सदरमुकाममा फेला परेका थिए। जिल्ला बालकल्याण समिति र स्थानीय प्रशासन कसैलाई पत्तै नदिई बालबालिका लैजाँदै गरेको चाल पाएपछि जिल्ला बालकल्याण समितिका अधिकारीले प्रहरीको सहायतामा बालबालिकाको उद्धार गरेको थियो।

विद्यालयका प्रतिनिधिले जिल्ला प्रशासन कार्यालयको अनुमति लिन आइरहेको दाबी गरेपछि प्रारम्भमा प्रमुख जिल्ला अधिकारीले संस्थाको नियतमाथि अनुसन्धान गर्ने भन्दै ती बालबालिकालाई सोही विद्यालयकै जिम्मा लगाएका थिए। घटना सार्वजनिक भएपछि ती बालबालिका धादिङ नै फर्काइए।

गृह मन्त्रालयका प्रवक्ता लक्ष्मीप्रसाद ढकालले भूकम्पबाट जनधन क्षतिसँगै बिचल्लीमा परेका बालबालिकाको ओसारपसार हुनसक्ने भन्दै सुरक्षा निकाय, स्थानीय प्रशासन र केन्द्रीय बालकल्याण समितिलाई निगरानी बढाउन निर्देशन दिइएको जानकारी दिए।

स्थलमार्ग हुँदै बालबालिका र महिलालाई भारत पुऱ्याउन सक्ने खतरा देखिएपछि सशस्त्र र नेपाल प्रहरीलाई सीमामा विशेष सतर्कता अपनाउन निर्देशन दिइसकेको जानकारी दिँदै उनले यस्ता गतिविधिमा अभिभावकसमेत संलग्न हुन सक्ने भन्दै ओसारपसारमा संलग्न समूहसँगै अभिभावकलाई समेत कारबाही दायरामा ल्याउन निर्देशन दिएको बताए। 'राज्य विपद व्यवस्थापनमा केन्द्रित भएको अवस्थामा आपराधिक मनोवृत्ति भएका ब्यक्ति र समूह सक्रिय देखिए,' ढकालले भने, 'यस्ता गतिविधिमा संलग्नमाथि मानव बेचबिखनमा कारबाही अगाडि बढाउन र सरकारी निकायलाई जानकारी नै नदिई आफ्ना बालबालिका पठाउने अभिभावकलाई समेत कारबाही दायरामा ल्याउन मन्त्रालयबाट निर्देशन गइसकेको छ, यसमा थप कडाइ गर्छौं।'

# मानव तस्करी हुँदै

## ■ सीमानाकामा चेकिङ कडाइ




**नबराज मैनाली/नयाँ पत्रिका**
**काठमाडौं, २ असार**

भूकम्पपछि उद्धार र सहयोगका नाममा महिला तथा बालबालिकाको तस्करी हुन थालेको छ । १२ वैशाखको भूकम्पपछि प्रहरीले एक सयभन्दा धेरै पीडितको उद्धार गरेको छ ।

सहयोगका नाममा युवतीलाई भारत लैजान लागिएका घटना बढेपछि प्रहरीले सीमानाकाहरूमा चेकिङ कडाइ गरेको छ । नेपाल प्रहरीको आग्रहमा भारतीय प्रहरीले समेत चेकिङमा सक्रियता बढाएको छ ।

नेपाल प्रहरीका प्रवक्ता डिआइजी कमलसिंह बमले तस्करी गर्न लागिएका महिलाको सीमाक्षेत्रमा दैनिकजसो उद्धार भइरहेको बताए । 'भूकम्पपछि रोजगार र सहयोगका नाममा बेचबिखन हुनसक्ने भएकाले सीमामा चेकिङ कडा बनाएका छौं, अरू जिल्लामा पनि बालबालिका र महिला ओसारपसार नियन्त्रणमा सक्रियता बढाउन निर्देशन दिएका छौं,' उनले भने ।

नेपालमा पहिलादेखि नै मानव तस्करी बढी हुने गरेको र भूकम्पपछि अझ चुनौती बढेको प्रहरी अधिकारी बताउँछन् । तीन साताअघि प्रहरी प्रधान कार्यालयले महिला तथा बालबालिकाको तस्करी तथा बेचबिखन रोक्न महिला तथा बालबालिका सेवा निर्देशनालयका डिआइजीको मिङमार लामाको संयोजकत्वमा एक समिति नै बनाएको छ । समितिले सरोकारवालासँग मिलेर अनुगमन बढाएको छ । जनचेतनादेखि अनुगमनका काममा आफूहरू लागेको डिआइजी लामाले बताए ।

### ■ इन्टरपोलको समन्वयमा अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

भूकम्पपछि मानव तस्करीको समस्या गम्भीर हुँदै गएपछि डिआइजी मिङमार [लामा]को नेतृत्वमा रहेको मानव तस्करी नियन्त्रण तथा अनुगमन समितिमार्फत नेपाल प्रहरीले अन्तर्राष्ट्रिय सम्मेलनको तयारी गरेको छ । इन्टरपोललगायत निकायहरूसँग समन्वय गरेर सम्मेलन गरिनेछ । मानवतस्करी रोक्न अन्य देशको पनि सहयोग चाहिने भएकाले सम्मेलन गर्नुपरेको डिआइजी लामाले बताए ।

### ■ धर्मपुत्र-पुत्री बनाउन तीन महिना रोक

विपत्को बेला बालबालिकाको बेचबिखन हुन सक्ने भन्दै महिला तथा समाज कल्याण मन्त्रालयले तीन महिनाका लागि धर्मपुत्रसम्बन्धी काम रोकेको छ । भूकम्पबाट सयौं बालबालिकाले अभिभावक गुमाएका छन् । उनीहरूलाई धर्मपुत्र-धर्मपुत्री बनाउन धेरै विदेशी संघसंस्था तथा व्यक्तिले चासो देखाएका छन् । तर, सहयोग गर्ने नाममा बेचबिखन हुन सक्ने भएकाले धर्मपुत्र-पुत्रीसम्बन्धी काम रोकिएको हो । प्रशासनले एउटा जिल्लाबाट अर्को जिल्लामा बालबालिका ओसारपसारमा पनि कडाइ गरेको छ ।

### ■ केही धार्मिक संस्था मानव तस्करीमा छन्



केही धार्मिक संघसंस्थाले महिला तथा बालबालिकाको तस्करी गर्न खोजेका छन् । पछिल्ला केही घटनाले पनि त्यस्तो संकेत गरेको छ :
तारक धिताल, कार्यकारी निर्देशक, नेपाल बालकल्याण समिति

## रामदेवको संस्थाले किन जम्मा गर्‍यो बालबालिका ?

**प्रशासनले हस्तक्षेप गरी अभिभावकको जिम्मा लगायो**

भारतीय योगगुरु रामदेवको संस्थाले २२ बालबालिकालाई तस्करी गर्न लागेको भन्दै प्रशासनले हस्तक्षेप गरेर उद्धार गरेको छ । रामदेवद्वारा स्थापित काभ्रेको बनेपामा रहेको पतञ्जली योगपीठले गाउँबाट बालबालिका जम्मा गरेर राख्दै आएको थियो । विनाअनुमति बालबालिकालाई जम्मा गरेर राखिएकाले उद्धार गरी अभिभावकको जिम्मा लगाइएको काभ्रेका प्रमुख जिल्ला अधिकारी सुदर्शन ढकालले बताए ।

बालबालिकालाई पाल्नका लागि अनुमति प्राप्त अनाथालय स्थापना गर्नुपर्ने हुन्छ । जडीबुटीसम्बन्धी काम गर्ने उद्देश्यले खोलिएको योगपीठले अनाधिकृत रूपमा बालबालिका राख्दै आएको थियो । भारत लैजाने सूचना पाएपछि प्रशासनले हस्तक्षेप गरेको हो ।

भारतको चिल्ड्रेन भिलेज नामक संस्थाले पनि केही दिनअघि दोलखाबाट केही बालबालिकालाई अनाधिकृत रूपमा काठमाडौंमा ल्याएर राखेपछि प्रहरीले संस्थाका पदाधिकारीलाई पक्राउ गरेको थियो । तर, बालबालिकाका अभिभावकले आफूहरूको सहमतिमा नै उनीहरूलाई

>> पृष्ठ ९ मा क्रमशः

# मानव तस्करी रोक्न अन्तर्राष्ट्रिय सम्मेलनको तयारी

**काठमाडौं/** मानव तस्करीको समस्या गम्भीर बन्दै गएपछि नेपाल प्रहरीले अन्तर्राष्ट्रिय सम्मेलनको तयारी गरेको छ । डिआइजी मिङमार लामाको नेतृत्वमा प्रहरी प्रधान कार्यालयले गठन गरेको मानव तस्करी नियन्त्रण तथा अनुगमन समितिले सम्मेलनको तयारी गरेको हो ।

डिआइजी लामाका अनुसार पहिलो चरणमा महिला तथा बालबालिकाको बेचबिखन रोक्न गाउँ-गाउँसम्म अभियान सञ्चालनको तयारी भइरहेको छ । दोस्रो चरणमा राष्ट्रिय सम्मेलन गरिने र त्यसपछि इन्टरपोललगायत निकायसँग समन्वय गरेर अन्तर्राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ । मानव तस्करी रोक्न अन्य देशको पनि सहयोग चाहिने भएकाले अन्तर्राष्ट्रिय सम्मेलन गर्नुपरेको लामाले बताए ।

नेपालमा महिला मात्र होइन, पुरुषहरू पनि श्रमका लागि बेचिने गरेका छन् । आकर्षक रोजगारीको आश्वासन दिएर अफ्रिकी देशहरूमा पुर्‍याएर अलपत्र ...

महिलाहरू बिहेको नाममा समेत बेचबिखन हुन थालेको सिआइबीका एसपी किरण बज्राचार्यले बताइन् । चीन र कोरियामा मात्र सयौं नेपाली युवती बिहेको नाममा बेचिएका छन् । चीनमा बेचिएका केही युवतीले आफूहरूको उद्धारका लागि प्रहरीलाई आग्रह गरेका छन् ।

पहिला-पहिला भारतीय कोठीमा युवतीहरू बेचिने गरेका थिए । पछिल्लो समय खाडी, मध्यपूर्व तथा अफ्रिकी देशमा समेत बेचिने गरेका छन् । युवतीहरू यौनका लागि र पुरुषहरू श्रमका लागि बेचिने गरेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीहरू बताउँछन् ।

बंगलादेशी कामदार बेचबिखनको त नेपाल ट्रान्जिट बन्न थालेको छ । सयौं बंगलादेशी नेपाल हुँदै वैदेशिक रोजगारीका लागि विभिन्न देशमा बेचिने गरेका छन् । यसमा अन्तर्राष्ट्रिय गिरोह नै सक्रिय रहेको प्रहरीको भनाइ छ । सिआइबीले पछिल्लो एक वर्षमा सातवटा गिरोहलाई पक्राउ गरिसकेको छ । केही गिरोहले भने भारतमा बसेर यस्तो काम गर्दै आएका छन् ।

**धर्मपुत्र-पुत्री बनाउन तीन महिना रोक**

विपत्को बेला बालबालिकाको बेचबिखन हुन सक्ने भन्दै महिला तथा समाजकल्याण मन्त्रालयले तीन महिनाका लागि धर्मपुत्रसम्बन्धी काम रोकेको छ । भूकम्पको मौका छोपेर बालबालिकाको बिक्री हुन सक्ने भएकाले रोक लगाइएको मन्त्रालयका प्रवक्ता नारायण काफ्लेले बताए ।

भूकम्पबाट सयौं बालबालिकाले अभिभावक गुमाएका छन् । उनीहरूलाई धर्मपुत्र-धर्मपुत्री बनाउन धेरै विदेशी संघसंस्था तथा व्यक्तिहरूले चासो देखाएका छन् । तर, सहयोग गर्ने नाममा बेचबिखन हुन सक्ने आशंका सरकारको छ । स्थानीय प्रशासनले एउटा जिल्लाबाट अर्को जिल्लामा बालबालिका ओसारपसार गर्नसमेत कडाइ गरेको छ । नेपालमा अनाथालयबाट धर्मपुत्र-पुत्री बनाउने नाममा बालबालिका बेचबिखन हुँदै आएको छ ...

पेज १, २०७२, असार २ गते अन्नपूर्ण पोस्ट

# रामदेवलाई बालबालिका लैजान रोक

श्रीराम केसी

**बनेपा :** भारतीय योगी स्वामी रामदेवले सञ्चालन गरेको बनेपास्थित पतञ्जलि योगपीठले भूकम्प प्रभावित सिन्धुपाल्चोक र काभ्रेका विभिन्न ठाउँबाट गैरकानुनी रूपमा जम्मा पारेका बालबालिकालाई जिल्ला बालकल्याण समितिले हस्तक्षेप गरी मंगलबार अभिभावकको जिम्मा लगाएको छ।

स्वामी रामदेवले नेपालमा भूकम्पबाट प्रभावित पाँच सय बालबालिकालाई भारतको हरिद्वारमा लगेर शिक्षा र संरक्षण दिने घोषणा गरेलगत्तै जम्मा पारिएका ती बालबालिकालाई करिब एक महिनापछि परिवारको जिम्मा लगाइएको हो।

काभ्रेको ज्याम्दी, चण्डेनीमण्डन, देउपुर र सिन्धुपाल्चोकका विभिन्न गाविसबाट ल्याइएका आठदेखि १५ वर्ष उमेरसम्मका २२ बालबालिकालाई बनेपास्थित पतञ्जलि योगपीठमा कसैलाई जानकारीसमेत नदिई गैरकानुनी रूपमा राखिएको थियो।

काभ्रेका प्रमुख जिल्ला अधिकारी सुदर्शन ढकालले गलत मनसायले बालबालिकालाई नराखिएको भए पनि त्यसरी राख्नु कानुनविपरीत भएको स्पष्ट गरे। उनले भने, 'सहयोग गर्ने मनसाय भए पनि सम्बन्धित निकायलाई जानकारी नगराई गैरकानुनी तरिकाले बालबालिकालाई राखेकाले अभिभावकको जिम्मा लगाएका हौं।'

काभ्रेकी एसपी पूजा सिंहका अनुसार सोमबार नियन्त्रणमा लिइएका ती बालबालिकालाई मंगलबार अभिभावकको जिम्मा लगाइएको हो। उनले भनिन्, 'प्रशासनलाई जानकारी नगराई जिल्लाका विभिन्न स्थानहरूबाट ल्याएका बालबालिकालाई बनेपाको बुडोलमा राखेको सूचना आएपछि सोमबार नै हामीले ती बालबालिकालाई नियन्त्रणमा लिएर मंगलबार सम्बन्धित अभिभावकहरूलाई बुझायौं।'

बाँकी पृष्ठ ३

पृष्ठ ४

- गोरखाका १५ बालबालिका सदरमुकाममा अलपत्र
- लमजुङमा बालिकाको उद्धार

## रामदेवलाई ...

बालबालिका जम्मा गरेर बनेपास्थित पतञ्जलि योगपीठमा राखिएकोबारे जिल्ला बालकल्याण समितिलगायत कुनै पनि स बन्धित निकायलाई कुनै जानकारी थिएन।

'जिल्ला बालकल्याण समितिको अनुमतिबिना विभिन्न बहानामा बालबालिकाहरूलाई संकलन र ओसारपसार गर्दै आएको सूचनाका आधारमा हामीले खोजबिन गरी ती बालबालिका सम्बन्धित अभिभावकलाई जिम्मा लगाएका हौं', जिल्ला बालअधिकार अधिकृत जयराम कर्मचार्यले भने, 'कुनै पनि बाहानामा अनुमतिबेगर विभिन्न बहानामा बालबालिका राख्न नपाउने र परिवार नै बालबालिकाका निमित्त उत्तमस्थल भएकाले हामीले सम्बन्धित निकायको रोहबरमा मंगलबार अभिभावकको जिम्मा लगाएका हौं।'

प्रहरी हस्तक्षेपपछि योगपीठमा रहेका बालबालिकालाई महिला तथा बालबालिका मन्त्रालयका प्रतिनिधि, प्रहरी र जिल्ला बालकल्याण समितिको रोहबरमा जिल्ला प्रशासन कार्यालय काभ्रेले मंगलबार अभिभावकको जिम्मा लगाएको थियो।

'पतञ्जलि योगपीठ बनेपाले भूकम्पले संकट र पीडामा परेका बालबालिकालाई जिल्लाका विभिन्न स्थानहरूबाट संकलन गरी शिक्षा र संरक्षणका लागि ल्याएको हो', योगपीठका केन्द्रीय सदस्य ग्रोबेन तौजलेले भने, 'उनीहरूलाई भूकम्पपछि हामीले राख्दै आएका थियौं।'

बनेपास्थित पतञ्जलि योगपीठको पहलमा भूकम्प प्रभावित क्षेत्रका बालबालिकालाई रामदेवले हरिद्वार लैजान लागेको विषयबारे सोमबार गृह मन्त्रालयमा बैठक भएको थियो। बैठकमा गृहप्रवक्ता लक्ष्मीप्रसाद ढकालले जोखिममा परेका बालबालिकालाई कुनै पनि बहानामा जिल्ला कटाउन नपाइने अडान राखेपछि पतञ्जलिले बटुलेका बच्चा अभिभावकको जिम्मा लगाउने निर्णय भएको थियो।

# अनधिकृत रूपमा लगिँदै गरेका बालबालिकाको उद्धार

■ हरिहरसिंह राठौर

धादिङ- शिक्षादीक्षा दिने भन्दै भूकम्प प्रभावित दुर्गम गाविसहरू री र झार्लाङबाट राजधानी ल्याउँदै गरिएका ४५ किशोरकिशोरीलाई केन्द्रीय बाल कल्याण समितिले नागढुंगाबाट उद्धार गरेको छ।

जिल्लाबाट धेरै बालबालिका बिनाअनुमति राजधानी ल्याइँदै गरेको सूचनाका आधारमा समिति सक्रिय भएको हो। ललितपुरस्थित इसाई मेसिनरीको निर्मल बोर्डिङ स्कुलका सञ्चालक पञ्चमान लामासँग जिल्ला बाल कल्याण समितिको सिफारिस देखाउन माग गर्दा दिन सकेका थिएनन्।

महाभूकम्पले ६८ जनाको ज्यान लिएको री ४ का १३ सहित १६ जना र बाँकी झार्लाङका विभिन्न वडाबाट ल्याइएको थियो। झार्लाङमा ३७ जनाको ज्यान गएको थियो। उद्धार गरिएका २१ किशोर र २४ किशोरीलाई बा२ख ६८५५ नम्बरको स्कुल बसमा राजधानी लगिँदै थियो।

उनीहरूलाई राजधानी लान स्वीकृतिका लागि एनिजर तामाङ नामका व्यक्ति प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेलाई भेट्न आएका थिए।

भूकम्पले घर ध्वस्त भएकाले २ महिनासम्म उनीहरूको लालनपालन गर्ने र विद्यालयमा पढाइदिने भन्दै उनले सिफारिस दिन आग्रह गरेका थिए।जिल्ला बाल कल्याण समितिले अनाथलाई मात्र सिफारिस दिन मिल्ने

प्रजिअ घिमिरेले जवाफ दिएका थिए। त्यसपछि महिला तथा बालबालिका कार्यालयका अधिकृत हरि उप्रेतीले राजधानी पुर्‍याउन मौखिक स्वीकृति दिएका थिए। 'विपत्का बेला जिल्लामा उद्धार गरिएका बालबालिकालाई संरक्षण दिन नसकिने भएकाले विद्यालयको नाम र ठेगाना लिएर मौखिक आदेशमै पठाइएको हो,' उप्रेतीले भने। उनीहरूलाई राजधानी पुर्‍याउन सहयोग गर्ने झार्लाङ ३ घर भई काठमाडौं दरबन्दी रहेका प्रहरी जवान जंगबहादुर तामाङको पनि खोजी भइरहेको छ। उनीहरूलाई जिल्ला फर्काएर अभिभावकको जिम्मा लगाइने महिला तथा बालबालिका अधिकृत सावित्री थापा रावलले बताइन्।



पढाइदिने भन्दै धादिङका भूकम्प प्रभावित री र झार्लाङ गाविसबाट राजधानी लगिँदै गरेका बालबालिका उद्धारपछि धादिङबेंसीस्थित होटलमा। *तस्बिर : हरिहरसिंह/कान्तिपुर*

# 45 children rescued from 'traffickers'

**HARIHAR SINGH RATHAUR**
DHADING, MAY 9

> The teenagers were being brought to the Capital on a school bus from Dhading by Pancha Man Lama

Forty-five teenagers from remote Ree and Jharlang VDCs, located in the quake-affected northern part of the district, have been rescued by Central Child Welfare Board (CCWB) from Nagdhunga as they were being taken to the Capital on a school bus.

Twenty-nine of those rescued are said to be the native of Ree-4, while the rest are from Jharlang.

The teenagers, including 24 females, were being brought to the Capital on the school bus (Ba 2 Kha ) from Dhading under operator Pancha Man Lama of Nirmal Boarding School, a Christian mission school. Lama claimed the children were being taken to the Capital for proper shelter and education but failed to produce the recommendation of the District Child Welfare Board (DCWB), the authorities said. The CCWB had taken the children under their care.

Meanwhile, Anijar Tamang who had reached the Capital along with Chief District Officer (CDO) Basudev Ghimire said that they had filed an application requesting for a permission to take the children under their care, promising to provide them food, shelter and studies for two months.

However, after CDO Ghimire expressed his helplessness stating that the DCWB could only provide recommendations, in case of orphaned children, they said they had taken a permission to take the children from child officer Hari Upreti at the District Women and Children Office (DWCO).

"As the government is yet to come up with a proper mechanism to provide care for all of the children, we had sent the children noting down their address and name of school," Upreti said. Officer at the DWCO Sabitri Thapa, however, said the children will be returned to their villages and handed over to their respective parents on Sunday as they were being transported without proper documents.

The April 25th quake that rocked the nation has claimed 38 lives in Ree and 37 in Jharlang VDCs.

for Bids for Design, Manufacture, Supply, Installation,

# 'चिलले चल्ला टिपेजसरी बालबालिका टिप्न पाइन्न'

भानुभक्त ललितपुर असार २



*स्केच साभारः नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र*

मंगलबार काभ्रे जिल्लाको स्थानीय प्रशासनले योग गुरु रामदेवले भारत लैजान भनेर राखेका २२ जना बालबालिकालाई पतजञ्ली योगपीठ बनेपाबाट उद्धार गरी अभिभावकलाई जिम्मा लगायो। योगपीठले सुरुमा विपद्मा परेका बालबालिकालाई अस्थायी आश्रय दिन जिल्ला बालकल्याण समितिसँग स्वीकृति लिए पनि पछि सधैंका लागि भारत लैजान लागेको पाइएकाले स्थानीय प्रशासनले हस्तक्षेप गरेको हो ।

ठूलो विपद्पछि हुने बालबाललिकाको ओसारपसारको यो प्रतिनिधी घटना मात्र हो । वैशाख १२ र २९ गतेको भूकम्पमा अभिभावक गुमाएका, विचल्लीमा परेका धेरै बालबालिका गैर कानुनी ओसारपसार, बेचविखन, शोषणको शिकार हुन सक्ने सरोकारवाला निकायले बताएका छन् ।

बुधबार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रिय बाल कल्याण समिति र बालबालिकाको क्षेत्रमा काम गर्ने संयुक्त राष्ट्रसंघीय निकाय युनिसेफले राजधानीमा एक कार्यक्रम आयोजना गरी विपद्पछि सबैभन्दा बढी जोखिममा बालबालिका पर्ने भएकाले उनीहरुको सुरक्षा गर्नु महत्वपूर्ण कुरा भएको बताए ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयकी सहसचिव राधिका अर्यालले भूकम्पपीडित बालबालिकाको अवस्थालाई ध्यानमा राखेर मन्त्रालयले विभिन्न नयाँ नियम लागु गरेको जानकारी दिइन् । बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लिँदा अभिभावकसँगै हुनुपर्ने नभए स्थानीय प्रशासनले स्वीकृति दिनुपर्ने, नयाँ बाल गृह खोल्न नपाउने, ३ महिनासम्मका लागि अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्री बनाउने काम रोक्ने लगायतका निर्णय गरिएको उनले बताइन् । 'विपतको मौका छोपी बालबालिकाको शोषण नहोस् भनेर यी व्यवस्था गरिएको हो' अर्यालले भनिन् 'कोही बालबालिका जोखिममा भए १०४, १०९८, १००, १२३४ र ११११ मार्फत सरकारी निकायलाई जानकारी दिन सक्ने व्यवस्था पनि मिलाएका छौं ।

केन्द्रीय बालकल्याण समितिका निर्देशक तारक धितालले विपद्को मौका छोपी बालबालिका बेचबिखन गर्ने समूह सक्रिय भएकाले त्यसलाई रोक्नु सबैको दायित्व भएको बताए । 'संरक्षण दिने नाममा श्रम शोषण, बालविवाह र ओसारपसार हुन सक्छ' उनले भने। अभिभावक गुमाएका बालबालिकालाई सकेसम्म सोही समाजमा पूनर्स्थापना गर्नुपर्ने उल्लेख गर्दै धितालले भने - संरक्षण दिने नाममा चिलले चल्ला टिपेजस्तो बालबालिका टिप्न पाइन्न । धितालले दुःख पाएका बालबालिकालाई सहयोग गर्न चाहने व्यक्ति वा संस्थाले बालबालिकालाई उनीहरुकै समाजमा पूनस्थापित गर्न पहल गर्नपर्ने सल्लाह दिए । 'त्यसो गरे खर्च पनि कम हुन्छ, बालबालिकापनि सुरक्षित हुन्छन्' धितालले भने ।

केही संस्थाहरुले बालबालिकालाई संरक्षण दिने भन्दै समाजबाट अलग्याएर राख्न खोजेको पाइएकाले उनीहरुलाई नियन्त्रण गर्न सरकारले केही कडा प्रावधान ल्याएको उनले बताए ।

भूकम्पपरी निधन हुनेमा २३ प्रतिशत बालबालिका छन् । ८२ जनाले बाबुआमा दुवै र ४२७ जना बालबालिकाले बाबु वा आमा गुमाएको तथ्यांक समितिसँग छ । नेपालमा अहिले ६०० भन्दा बढी बालगृहहरु दर्ता भएका छन् । ती मध्ये धेरैले राम्रो काम नगरेकाले निरीक्षण गरी काम नगर्ने बालगृह हटाउने योजना अनुसार आफूहरू अघि बढेको केन्द्रीय बाल कल्याण बोर्डकाअध्यक्ष डिल्लीराम गिरीले बताए।

यसअघि नै प्रधानमन्त्री सुशील कोइरालाले संसदमा सम्बोधन गर्दै भूकम्पमा अभिभावक गुमाएका बालबालिकाको शिक्षादिक्षाको जिम्मा सरकारले लिने बताएका थिए ।

सेतोपाटी अनलाईन - २०७२ असार २ मा प्रकाशित

# अनधिकृत रूपमा लगिँदै गरेका बालबालिकाको उद्धार

*- हरिहरसिंह राठौर,*




वैशाख २६, २०७२ । शिक्षादीक्षा दिने भन्दै भूकम्प प्रभावित दुर्गम गाविसहरू री र झार्लाङबाट राजधानी लाँदै गरिएका ४५ किशोरकिशोरीलाई केन्द्रीय बाल कल्याण समितिले नागढुंगाबाट उद्धार गरेको छ । जिल्लाबाट धेरै बालबालिका बिनाअनुमति राजधानी ल्याइँदै गरेको सूचनाका आधारमा समिति सक्रिय भएको हो । ललितपुरस्थित इसाई मेसिनरीको निर्मल बोर्डिङ स्कूलका सञ्चालक पञ्चमान लामासँग जिल्ला बालकल्याण समितिको सिफारिस देखाउन माग गर्दा दिन सकेका थिएनन् ।

महाभूकम्पले ६८ जनाको ज्यान लिएको री ४ का १३ सहित १६ जना र बाँकी झार्लाङका विभिन्न वडाबाट ल्याइएको थियो । झार्लाङमा ३७ जनाको ज्यान गएको थियो । उद्धार गरिएका २१ किशोर र २४ किशोरीलाई बा२ख ६८५५ नम्बरको स्कुल बसमा राजधानी लगिँदै थियो । उनीहरूलाई राजधानी लान स्वीकृतिका लागि एनिजर तामाङ नामका व्यक्ति प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेलाई भेट्न आएका थिए ।

भूकम्पले घर ध्वस्त भएकाले २ महिनासम्म उनीहरूको लालनपालन गर्ने र विद्यालयमा पढाइदिने भन्दै उनले सिफारिस दिन आग्रह गरेका थिए । जिल्ला बाल कल्याण समितिले अनाथलाई मात्र सिफारिस दिन मिल्ने प्रजिअ घिमिरेले जवाफ दिएका थिए । त्यसपछि महिला तथा बालबालिका कार्यालयका अधिकृत हरि उप्रेतीले राजधानी पुर्‍याउन मौखिक स्वीकृति दिएका थिए । विपत्का बेला जिल्लामा उद्धार गरिएका बालबालिकालाई संरक्षण दिन नसकिने भएकाले विद्यालयको नाम र ठेगाना लिएर मौखिक आदेशमै पठाइएको हो, उप्रेतीले भने । उनीहरूलाई राजधानी पुर्‍याउन सहयोग गर्ने झार्लाङ ३ घर भई काठमाडौं दरबन्दी रहेका प्रहरी जवान जंगबहादुर तामाङको पनि खोजी भइरहेको छ । उनीहरूलाई जिल्ला फर्काएर अभिभावकको जिम्मा लगाइने महिला तथा बालबालिका अधिकृत सावित्री थापा रावलले बताइन् ।

प्रकाशितरू वैशाख २६, २०७२, कान्तिपुर समाचार